सक्षम र पारदर्शी प्रशासन सरकारको उच्च प्राथमिकतामा: प्रधानमन्त्री | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक १७० | • २०८१ साल मंसिर ०१ गते शनिबार (16 November, Saturday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## कानु माथि मुद्दा, पासवान दोषी ठहर

# सिम्रौनगढका निमित्त प्रमुख प्रशासकीय अधिकृत निलम्बित, कर्जन्हामा पूर्वसित असुल उपर गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । बारा जिल्लाको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानुविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रबार भ्रष्टाचार मुद्दा दायर गरेको छ।

बिल भुक्तानी गरेवापत सेवाग्राहीसंग लिएको ७८ हजार रुपैयाँ घुससहित उनी पक्राउ परेका थिए । अनुसन्धानको सिलसिलामा उनले घुस लिएको पुष्टि भएकाले बिगो ७८ हजार रुपैयाँ बिगो कायम गरी विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जनाएका छन् ।

अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेसंगै कानु निलम्बनमा परेका छन् । उनले सेवाग्राहीसंग लिएको घुस अनुसन्धानको क्रममा पुष्टि भएकाले सो ही अनुसारको बिगो सहित विशेष अदालतमा मुद्दा दर्ता गरिएको प्रवक्ता घिमिरले बताए ।

अख्तियारको हेटौँडाबाट खटेको विशेष टोलीले कानुलाई कार्तिक ८ गते कार्यालय परिसरबाट बाहिर गइरहेको बेला पक्राउ गरेको थियो । उनले घुस लिइसकेको रकमसहित पक्राउ परेको र बरामद रकम घुसकै रहेको बताइएको छ ।

हेटौँडाको टोलीले निमित्त प्रमुख प्रशासकीय अधिकृत कानुलाई सेवाग्राहीबाट ७८ हजार घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

कानुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो ७८ हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन माग दाबी लिई विशेष अदालतमा आरोप-पत्र दायर गरिएको छ।




यसैबीच सिराहाको कर्जन्हा नगरपालिकाका पूर्वमेयर गंगा पासवानसहित ५ जना भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् ।

विशेष अदालतले भ्रष्टाचार मुद्दामा पूर्व मेयर पासमान, प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डल, अर्का निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार, लेखापाल प्रवीणकुमार महतो र निर्माण कम्पनीका प्रतिनिधि बैजनाथ यादव दोषी रहेको शुक्रवार ठहर गरेको छ।

उनीहरुले नगरपालिकाको प्रशासनिक भवन निर्माणमा भ्रष्टाचार गरेको अदालतको ठहर छ।

अख्तियारले ०८० को चैत १४ गते उनीहरूविरुद्ध आर्थिक हानि-नोक्सानी पुऱ्याएको आरोपमा मुद्दा दायर गरेको थियो। सो मुद्दामाथि मंगलबार र बुधबार सुनवाइ भएको थियो। विशेष अदालतका सदस्यहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले शुक्रवार फैसला सुनाएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले बताएका छन् ।

अख्तियारले बिगो दाबी गरेको १ करोड ८ लाख असुलका लागि जनही २१ लाख ६० हजार भराउने फैसला पनि गरेको छ । सबैको सजाय १० मंसिरमा निर्धारण गरिने समय अदालतले तोकेको छ । अदालतका सूचना अधिकारी रेग्मीका अनुसार उनीहरुमाथि कानुन बमोजिम २ वर्ष ६ महिनादेखि ४ वर्षसम्मको कैद सजाय हुन सक्छ।

कर्जन्हा नगरपालिकाले आर्थिक वर्ष ०७८/७९ मा प्रशासनिक भवन निर्माणका लागि ठेक्का आह्वान गरेको थियो। तर, उच्च अदालत जनकपुर राजविराज इजलासले नगरपालिकाको कार्यालय स्थानान्तरण नगर्नू भनी मेयर र प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिएको थियो ।

उक्त आदेशको अवज्ञा गर्दै मेयर पासमान र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डलले निर्माण प्रक्रिया अघि बढाएपछि अख्तियारमा उजुरी परेको थियो ।


नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि बोलपत्र आह्वान हुँदा कार्यालय स्थानान्तरणको प्रक्रिया पुरा भएको थिएन् । त्यसलाई सार्वजनिक खरिद ऐनको उल्लंघन गरेको ठहर अदालतले गरेको छ। स्थानीय तहको केन्द्र परिवर्तनको निर्णय बिना वडा नम्बर ५ मा भवन निर्माणका लागि २०७८ माघमा ठेक्का आह्वान गरिएको थियो ।

ठेकेदारले काम नगरेको पुष्टि भए पनि नगरपालिकाले निर्माण कम्पनीको जमानत जफत नगरेको अदालतले भनेको छ । नगरपालिकाले पेश्कीस्वरूप १ करोड ८ लाख महालक्ष्मी कन्सट्रक्सन एण्ड ड्रेगन जेभीलाई प्रदान गरेको थियो ।

विशेष अदालतले सो रकमलाई हिनामिना ठहर गरेको छ । उनीहरुलाई मंसिर १० गते सजाय तोकिने अदालतले समय निर्धारण गरेको छ ।

हार्दिक
शुभकामना
"कर प्रणालीको सार, लगानीको अधार" मूल नाराका साथ आज मिति २०८१ मंसिर १ गते देखि ७ गते सम्म कर सप्ताह मनाउन लागेको १३ औं राष्ट्रिय कर दिवसको सुखद अवसरमा सम्पूर्ण कर्मचारी, उद्योगी, व्यवसायी तथा करदाताहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
आनन्द कुमार गुप्ता
प्रमुख कर अधिकृत
आन्तरिक राजस्व कार्यालय
जनकपुरधाम



# ‘सूचना प्रविधिको विकाससंगै प्रतिस्पर्धा आवश्यक’

**टुडे समाचारदाता**

राजविराज । गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले परिवर्तित परिवेशमा सूचना प्रविधिको विकाससंगै प्रतिस्पर्धा बढेका कारण सञ्चारकर्मीमा पनि दक्षताको अभिवृद्धि आवश्यक रहेको बताएका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका स्थित फत्तेपुरमा शुक्रबार मधेश प्रदेशको मिडिया काउन्सिलले आयोजना गरेको पत्रकार आचारसंहिता पालना सम्बन्धि अन्तरक्रियामा बोल्दै उनले पत्रकारहरुबीच प्रतिस्पर्धा आवश्यकता रहेको बताए ।

२०४६ भन्दा अगाडि मिशन पत्रकारिता, बहुदलीय व्यवस्था आएपछि अर्को परिस्थिति र अहिले सूचना प्रविधिको विकाससंगै प्रतिस्पर्धाको समय आएको भन्दै कार्यक्रममा मन्त्री लेखकले पत्रकारहरुमा पनि दक्षताको अभिवृद्धिमा जोड दिए । पत्रकारिताको विकासका लागि प्रदेश सरकारले पनि सञ्चार क्षेत्रको बजेट बढाउनु पर्नेमा विगतदेखि नै आफूले जोड दिँदै आएको बताए । उनले मन्त्री लेखीले भने, ‘तत्कालीन मुख्यमन्त्री सरोजकुमार यादवको समयमा आफू शिक्षामन्त्री रहेका बखत पनि सञ्चार क्षेत्रको बजेट बढाउनका लागि कुराकानी उठाएकै हुँ ।’

संघीयताको क्रममा प्रदेश पाएर पनि यो स्वायत्त बन्न नसकेको, प्रदेशभन्दा पनि अन्यत्रै अधिकार रहेको बताउँदै उनले संविधानले दिएको अधिकारबाट पनि प्रदेशले बञ्चित हुनु परेको कुरा सञ्चार क्षेत्रका लागि पनि प्राथमिकताको विषय बन्नु पर्ने उनको जिकिर थियो । मन्त्री लेखीले अहिले पनि प्रदेशलाई अधिकारबाट बञ्चित गरिएको,संबिधानले व्यवस्था गरेको स्वायत्त क्षेत्र,



स्वायत्त इलाका बन्न नसकेको भन्दै उनले यस विषयलाई राजनीतिकर्मी र पत्रकार दुबैले उठाउन आवश्यक रहेको बताए ।

स्वायत्त क्षेत्र नबनेसम्म दलित, मुश्लिम, मधेशी, जनजातीले अधिकार नपाउने र स्वायत्त ईलाका नबनेसम्म पछाडि परेका समूदायको अधिकार सम्बोधन नहुने भएका कारण संबिधानमै भएको यस्तो व्यवस्था कार्यान्वयनका सबालमा कलम चलाईदिन उनले सञ्चारकर्मी समक्ष आग्रह गरे । आफ्नै गृहनगर फत्तेपुरमा आयोजित कार्यक्रममा सहभागी भएका उनले सहीद दिलीप चौधरीको गाउँ रहेका नाताले पनि फत्तेपुरका विषयमा कलम चलाउनु पर्नेमा जोड दिए ।

कार्यक्रममा प्रदेश सांसद किरण कुमारी साहले राज्यको चौथो अंग मानिएको सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र पत्रकारहरुको जीवनयापन सहज बनाउन प्रदेशसभामा नीति, कार्यक्रम तथा ऐन ल्याउन आवश्यक रहेको भन्दै मन्त्री लेखीको ध्यानाकर्षण गराइन् ।

सो कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेशकुमार कर्णले कार्यपत्र प्रस्तुत गरेका थिए ।

मधेश प्रदेश मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासको अध्यक्षतामा आयोजित कार्यक्रममा समन्वयकर्ता पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकालगायतहरुको उपस्थिति रहेको थियो ।

# मनरासिसवामा रोगीको संख्यामा वृद्धि

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मनरासिसवा नगरपालिकामा नसर्ने रोगहरू बढ्दै गएको देखिएको छ ।

नगरपालिकाले घरदैलो कार्यक्रममार्फत स्वास्थ्य सेवा दिन थालेपछि नसर्ने रोगहरु अर्थात दीर्घरोगी, श्वासप्रश्वास, क्यान्सर, मुटु रोगजस्ता नसर्ने रोगहरु पर्ने गरेको जनाएको छ ।

स्थानीय बासिन्दाको घर घरमा गएर सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा दिन थालिएपछि नगरभित्र नसर्ने रोगीको संख्या बढी देखिएको स्वास्थ्य संयोजक रामचन्द्र यादवले बताए ।

उनले एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने रोगलाई नसर्ने रोग भनिएको बताउँदै प्रत्येक महिना १० दिन नगरपालिकाको सबै वडामा स्वास्थ्यकर्मी घर घर पुगेर निःशुल्क जाँच तथा परामर्श दिने गरेको बताए ।

उपचारको पहुँचमा आउन नसकेकाको स्वास्थ्य परीक्षण गरी जोखिम पत्ता लगाउने, जोखिममा रहेका तथा रोग लागेकालाई उपचार गर्ने, रोग लाग्नै नदिने उपाय



गाउँ गाउँमा फैलाउनेलगायतका कार्यक्रम यस अन्तर्गत सुरु गरिएको नगरप्रमुख मोहन पाण्डेयले जानकारी दिए । उनले हामीलाई प्राप्त डाटा अनुसार नगरपालिकामा प्रेसर (उच्च रक्तचाप), मधुमेह (चिनी रोग), श्वासप्रश्वासको समस्या बढी संख्यामा देखिएको छ ।

स ा `

नगरपालिकाको इटहर्वाकट्टी स्वास्थ्य चौकीमा कार्यरत रहेका सिअहेब राजेश साहले ज्येष्ठ नागरिक र बालबालिकालक्षित गरी घरदैलो सेवा प्रदान गरिरहेको बताउँदै अहिलेसम्मको आकलन अनुसार १० प्रतिशतमा उच्च रक्तचाप तथा पाँच प्रतिशतमा मधुमेह देखिएको छ ।

उनले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा साउनदेखि असोजमा ११ हजार जनामा गरिएको चेकजाँचमा एक हजार १३४ जनामा उच्च रक्तचाप देखिएको तथा तीन हजार ७६८ जनामा मधुमेह चेक हुँदा ७७३ जनामा शंकास्पद रूपमा मधुमेह देखिएको बताए ।

उच्च रक्तचाप तथा मधुमेह पुरुषभन्दा बढी महिलामै देखिएको बताउँदै नसर्ने रोग बढ्दै गएको बताए ।

आधारभूत नगर अस्पताल मनरासिसवाका कार्यालय प्रमुख भारती यादवले प्रायः व्यक्तिको जीवनशैली, खानपिन, आनीबानी, व्यवहार, हार्मोनको असन्तुलन जस्ता विभिन्न कारणले नसर्ने रोग हुने गरेको भए पनि कतिपय यस्ता रोग कहिलेकाहीँ वंशाणुगत कारणले समेत सर्ने गरेको बताउँदै नगरपालिकामा चेकजाँच भइरहेको भन्दा ती रोगीको संख्या बढी हुन सक्ने बताए । उनले खानपिन तथा जीवनशैलीमा सुधार हुँदैन तबसम्म यी रोग र रोगीको संख्या बढ्दै जाने बताए ।

नगरप्रमुख पाण्डेयले उच्च रक्तचाप र मधुमेह रोग संवेदनशील हुनुका साथै यो रोग लागिसकेपछि पूर्ण रूपमा निर्मूल पार्न कठिन भएकोले सबैलाई सचेत गराउन लागिपरेको बताए ।

यी रोगलाई नियन्त्रणमा लिन योगलाई अगाडि बढाएको जानकारी दिँदै आनीबानी सुधार्ने तथा मद्यपान, मांसाहारी त्यागका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमसमेत गरिरहेको बताए ।

## राष्ट्रिय उद्धार यात्रा अभियानमा दुई सय ३६ सहयोगापेक्षीहरुको उद्धार

काठमाण्डु । मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा भएको ‘मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८१’ अभियानका क्रममा दुई सय ३६ सहयोगापेक्षी सडक आश्रित मानवहरुको उद्धार कार्य गरिएको छ । उद्धार हुनेहरुमा एक सय ७९ जना पुरुष र ५७ महिलामध्ये पाँच बालिका र चार बालक रहेको मानवसेवा आश्रमद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ ।

उद्धार गरिएकाहरुमा कोसी प्रदेशबाट ३५ पुरुष र नौ महिला गरी कूल ४४ जना, मधेस प्रदेशबाट २९ पुरुष र ११ महिला गरी कूल ४० जना, बागमती प्रदेशबाट ४० पुरुष र १७ महिला गरी कूल ५७ जना, गण्डकी प्रदेशबाट २७ पुरुष र आठ महिला गरी कूल ३५ जना, लुम्बिनी प्रदेशबाट ४० पुरुष र नौ महिला गरी कूल ४९ जना, कर्णाली प्रदेशबाट दुई पुरुष र एक महिला गरी कूल तीन जना र सुदूरपश्चिम प्रदेशबाट छ पुरुष र दुई महिला गरी कूल आठ जना रहेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज २६ गते बालुवाटारमा यात्राको औपचारिक समुद्घाटन गर्नुभएको थियो भने समापन पनि प्रधानमन्त्री ओलीकै प्रमुख आतिथ्यमा आगामी मङ्सिर ३ गते नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँमा समापन हुने जनाइएको छ । रासस

# विधायकी चरणलाई समय सीमाभित्र बाँध्न गृहमन्त्री लेखकको प्रस्ताव

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले कानुन निर्माणलाई तीव्रता दिन विधायकी चरणलाई समय सीमाभित्र बाँध्न प्रस्ताव गर्नुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा ‘अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक’माथिको छलफलका क्रममा गृहमन्त्री लेखकले विधायकी चरणलाई समयको सीमाभित्र नबाँधे विधेयकहरु समयमै निष्कर्षमा पुग्न नसक्ने बताउनुभयो ।

“विधि निर्माण अत्यन्त कमजोर भएको छ, धेरै सुस्त भएको छ । पाँच वर्षको प्रतिनिधिसभाको कार्याकालमा हामीले बनाउने सम्पूर्ण कानुनको हिसाब निकाल्दा सुखद तथ्याङ्क देखिनेवाला छैन”, गृहमन्त्री लेखकले भन्नुभयो, “विधेयक दर्ता भएपछि अनुमति माग्ने, सैद्धान्तिक छलफल गरी समितिमा पठाउने र समितिबाट प्रतिवेदनसहित आइसक्नुपर्ने चरणलाई समयबद्ध गरौँ । यदि तोकिएका दिनभित्र विधेयक नआएको खण्डमा मुलरुपमै अघि बढ्ने व्यवस्था गरौँ ।”

सरकारले आवश्यक विधेयक समयमै सदनमा पुर्‍याउन र सदनमा



पुगेका विधेयक कानुनका रुपमा निष्कर्षमा पुग्न ढिला भएको गृहमन्त्री लेखकको भनाइ थियो ।

विसं २०७६ मा दर्ता भएको अख्तियारसम्बन्धी विधेयकमाथि २०८१ सालमा छलफल गरिनु लज्जाजनक विषय भएको उल्लेख गर्दै उहाँले यसबारेमा जनतालाई जवाफ दिन पर्छ कि पर्दैन् भनेर उहाँले प्रश्न गर्नुभयो ।

विधायकी चरणलाई समयमा बाध्नका लागि प्रतिनिधिसभा र राष्ट्रियसभा नियमावली संशोधन गरेमात्रै पुग्ने गृहमन्त्री लेखकको भनाइ थियो । “सङ्घीयता कार्यान्वयनसँग जोडिएको निजामती सेवा विधेयक, भ्रष्टाचार निवारणसम्बन्धी विधेयक यसै समितिमा विचाराधीन छ”, उहाँले भन्नुभयो, “गृहमन्त्री भएपछि पछिल्लो चार महिनादेखि लगातार समितिको बैठकमा आइरहेको छु, तर महत्वपूर्ण विधेयक अझै अगाडि बढेका छैनन् ।” उहाँले विधायनको कामलाई समयसीमा भित्र नबाँधेसम्म विधेयक बन्ने कुरा अप्ठ्यारो रहेको बताउनुभयो ।

प्रस्तुत विधेयकमा नीतिगत निर्णयका सम्बन्धमा प्रष्ट पार्न आवश्यक रहेको औँल्याउँदै गृहमन्त्री लेखकले विषयविज्ञसँग थप छलफल गर्न आग्रह गर्नुभयो । “नीतिगत निर्णय धेरै लामो समयदेखि छलफल भइरहेको छ, नीतिगत निर्णय भनेको के हो ? यसका बारेमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रचलन के छन् हेरौँ”, उहाँले भन्नुभयो, “नीतिगत निर्णयसम्बन्धी अध्ययन गरेका विज्ञसँग राय लिएर ठोस निष्कर्षमा पुगौँ ।”

‘अख्तियारका पदाधिकारी खुला प्रतिस्पर्धाबाट नियुक्त गरौँ’

बैठकमा उक्त विधेयकमाथिको संशोधनकर्ता सांसद हेमराज राईले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सहज ढङ्गबाट काम गर्न दिन कर्मचारीको दरबन्दी सिर्जना गर्ने र नियुक्ति गर्ने अधिकार दिनुपर्ने बताउनुभयो । आयोगले वर्षभरीमा कुल उजुरीको ६० प्रतिशत ‘केस’ मात्रै मुस्किलले फछ्र्योट गर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले योग्य कर्मचारीको अभावमा काम हुन नसकेको दाबी गर्नुभयो ।

सांसद सुमना श्रेष्ठले भ्रष्टाचार निवारणका लागि अख्तियारको सबलीकरण अनिवार्य सर्त रहेको उल्लेख गर्दै कार्यकारी निकायको निर्णयमाथि छानबिन गरी कारबाही गर्ने निकायका रुपमा रहेको अख्तियारको बजेट बनाउने जिम्मा संसदलाई दिइनुपर्ने बताउनुभयो ।

नीतिगत निर्णयका नाममा व्यापक मात्रामा भ्रष्टाचार हुने गरेको उल्लेख गर्दै उहाँले नीतिगत निर्णयको परिभाषामा थप स्पष्टता आवश्यक छ भन्नुभयो ।रासस

# डीसी फास्ट चार्जिङ स्टेसन विस्तार गर्न शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनबीच सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको डीसी फास्ट चार्जिङ स्टेसन नेटवर्क विस्तार गर्न शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनबीच सम्झौता भएको छ । उक्त सम्झौतासँगै अब दुवै कम्पनीले नेपालमा विद्युतीय सवार ीसाधनको पूर्वाधार विस्तार गर्ने कार्य अगाडि बढ्ने भएको छ ।

यो साझेदारीले ईभी प्रयोगकर्ताहरूका लागि सुविधाजनक चार्जिङ स्टेसन उपलब्ध गराउने र राष्ट्रव्यापी रूपमा वातानुकूलित र दिगो (सस्टेनेबल) यातायात प्रविधिलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

यस साझेदारीले १ वर्षभित्रमा देशभरका १ सय स्थानमा फास्ट-चार्जर स्थापना गर्ने लक्ष्य राखेको छ ।

हाल देशभर १६ भन्दा बढी फास्ट चार्जिङ नेटवर्क सञ्चालनमा छन् । उपभोक्तामाझ विद्युतीय सवारीसाधनको बढ्दो लोकप्रियता र प्रयोगसँगै पहुँचयोग्य र भरपर्दो चार्जिङ पूर्वाधारको आवश्यकता बढेको छ ।

हाल पोखरामा ३ स्थानमा, काठमाडौंमा ३ स्थान, नारायणघाटमा ३ स्थानमा, नेपालगन्ज, बुटवल र विराटनगरमा २ स्थानमा, वीरगन्ज,





बिर्तामोड, बर्दिवासलगायतका स्थानमा विद्यमान चार्जिङ पूर्वाधार रहेका छन् । शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनले देशका मुख्य राजमार्ग तथा स्थानहरूमा चार्जिङ स्टेसन स्थापना गर्नमा ध्यान केन्द्रित गर्ने बताइएको छ, जसले अन्ततः ईभी प्रयोगकर्ताहरूलाई निर्धक्क रूपमा देशभर यात्रा गर्न सजिलो बनाउनेछ ।


यो सम्झौतासँगै ग्राहकलाई सहज सेवा प्रदान गर्ने उद्देश्यले एक वर्षभित्र देशभर १०० वटा डीसी फास्ट चार्जर स्थापना गर्ने बताइएको छ । शारडा ग्रुप निसान, ओमोडा र जाइको र जिकर गाडीको आधिकारिक वितरक हो भने गोल्छा अर्गनाइजेसन नेपालका लागि लिप मोटर, सिट्रोन, प्युजियो र काईको आधिकारिक वितरक हो ।

यो सम्झौतासँगै शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनले बढ्दो विद्युतीय सवारीको बजारलाई अझ प्रोत्साहित गर्ने प्रतिबद्धता प्रमाणित गरेका छन् । यो सम्झौता नेपालको ईभी चार्जिङ नेटवर्कको विकासमा अपरिहार्य एक उपलब्धि हो, जसको साथमा यातायात क्षेत्रमा वातानुकूलित र दिगो भविष्यका लागि मार्ग प्रशस्त हुन्छ ।

# वडाअध्यक्ष साहको निधन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको ईशनाथ नगरपालिका-१ का वडाअध्यक्ष बिगु साहको उपचारको क्रममा निधन भएको छ । उनी मिर्गौलापीडित थिए ।



वडाअध्यक्ष साह २०७४ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट र २०७९ को निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट निर्वाचित भएका थिए ।

यसैबीच रौतहट क्षेत्र- २ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद किरणकुमार साहले वडाध्यक्ष साहको निधनप्रति दुःख व्यक्त गर्दै शोकाकुल परिवारजनामा समवेदना प्रकट गरेका छन् ।


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको प्रसिद्ध कमला मेलामा देखिएको दृश्य। तस्बिर : संजय कुमार यादव

# कार्तिक पूर्णिमामा कमला नदी स्नानले र नेपाल-भारत सम्बन्ध अझ गहिरो बनाएको छ : अध्यक्ष झा

**टुडे समाचारदाता**

जनकपुरधाम ।कार्तिक पूर्णिमा कमला स्नानको अवसरमा नेपाल भारत खुला सिमा सम्वाद समुहले नेपाल भारतबाट आएका साधुसंतहरुका लागी भण्डाराको आयोजना गरेको छ। संस्थाको मधेस प्रदेश सहसंयोजक दिपक यादवको संयोजकत्वमा साधु सम्मान र भंडाराको आयोजना गरिएको थियो । संस्थाले सयौको संख्यामा रहेको साधु संतहरुलाइ च्युरा,दहि चिनी,तरकारी अचारको भंडारा(खाना) को व्यवस्था गरेका थिए।

सोहि अवसरमा कार्तिक पूर्णिमा र कमला नदी स्नानको महत्वको बारेमा प्रकास पार्दै संस्थाका केन्द्रिय अध्यक्ष राजीव झाले कार्तिक पूर्णिमा हिन्दू धर्मको पवित्र पर्व रहेको बताए । उनले यस दिन धार्मिक अनुष्ठान, स्नान, र पूजापाठ गर्ने गरिएको ले यस दिनलाई “देव दिवाली” पनि भनिदै आएको बताए। यो दिन गंगा, सरयू, यमुना, र नेपालका नदीहरूमा स्नान गर्ने परम्परा छ। जनकपुर क्षेत्रका श्रद्धालुहरूको लागि विशेषगरी कमला नदीमा स्नान गरेर पुण्य प्राप्त गर्ने मान्यता रहेको छ बताउनु यो अवसरमा कमला नदीको किनारमा मेला लाग्ने गर्छ, जहाँ नेपाल र भारतका बिभिन्न स्थानबाट आएका श्रद्धालुहरूले सामूहिक रूपमा स्नान गर्छन्।

सोहि अवसरमा संस्थाका प्रदेश सह संयोजक दिपक यादबले नेपाल-भारत सम्बन्धमा कमला नदी स्नानको भूमिकाको बारेमा बोल्दै कमला नदी नेपाल र भारतको सीमामा पर्ने नदी रहेको बताए। यसरी नेपाल र भारतका बासिन्दाले एकै स्थानमा स्नान गर्ने परम्पराले सांस्कृतिक आदान-प्रदानको अवसर सिर्जना गर्दछ। कार्तिक पूर्णिमाको यस विशेष स्नानमा दुवै देशका जनताबीचको आपसी मेलमिलाप, सद्भाव, र सहकार्यलाई प्रवर्द्धन गर्न योगदान गर्दछ उनले भने।

सतोखर घाट मंन्दिरको महन्त श्री शिव दयाल दास बाबाले कार्तिक पूर्णिमामा हुने कमला नदी स्नान केवल धार्मिक परम्परामा मात्र सीमित नभएर नेपाल-भारत सम्बन्धलाई अझ गहिरो बनाउन महत्त्वपूर्ण साधन बनेको बताउदै धार्मिक र सांस्कृतिक सहकार्यको प्रतीक यस पर्वले नेपाल र भारतका जनताबीचको ऐक्यतालाई प्रगाढ बनाउँदै लैजाने विश्वास गर्न सकिने बताए।

# धर्म यज्ञ दिवसमा १३ नव जोडीहरुको दाइजोमुक्त सामुहिक अन्तर्जातीय विवाह



**टुडे समाचारदाता**

जनकपुरधाम । समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत मधेश प्रदेशमा १३ नव जोडीको दाइजोरहित सामुहिक विवाह गराइएको छ । धनुषा जिल्लाको मिथिला नगरपालिका २ बेलाचापी स्थित सतलोक आश्रम धनुषामा ५११ औं दिव्य धर्म यज्ञ दिवस यस वर्ष पनि भव्यताका साथ मनाईंदै छ। ५११ औं दिव्य धर्म यज्ञ दिवसको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरु द्वारा यहि कार्तिक २९ देखि मंसिर १ गते सम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भन्डारा कार्यक्रमको शुक्रबार दोस्रो दिन कार्तिक ३० गते शुक्रबार विभिन्न किसिमका समाज सुधारका कार्यक्रमहरु गरियो। समाज सुधारक सन्त रामपालजी महाराजको निर्देशअनुसार हरेक वर्ष दिव्य धर्म यज्ञ दिवस मनाउने गरिएको आयोजकले जनाएका छन्।

सन्त रामपालजी महाराजको पावन सान्निध्यमा आदरणीय सन्त गरिबदासजी महाराजद्वारा रचित अमरग्रन्थ साहेबको पाठ जारी राख्दै १३ नव जोडिहरुको दाइजो तथा आडम्बरमुक्त विवाह (रमैणी) गराइएको छ। यस विवाहमा कुनै प्रकारको सरसामान तथा नगद लेनदेन हुँदैन भने कुनै पक्षको एक रुपैयाँ पनि खर्च हुँदैन। सर्व आगन्तुकहरुलाई खाने बस्ने व्यवस्था आश्रम कै तर्फबाट विशाल भन्डारामा गरिएको थियो। मात्र १७ मिनेटको गुरुवाणी द्वारा तेत्तीस करोड देवीदेवताहरुको स्तुति गरी तीनै देवीदेवताहरुको साक्षीमा लाखौं व्यक्तिहरुसामु उक्त विवाह सम्पन्न भएको थियो। यस्ता विवाहमा कुनै किसिमको मांसाहार तथा नशालु पदार्थ आदी सेवन गर्न पूर्ण रुपमा निषेधित हुन्छ। समाजबाट दाइजोरुपी राक्षसलाई समाप्त पार्न सन्त रामपालजी महाराजको दाइजोमुक्त समाज अभियान अन्तर्गत यो विवाह गराइएको जानकारी आयोजकले जनाएका छन् । यस्ता विवाहले समाजमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको र समाज परिवर्तित भैरहेको जानकारी पनि आयोजकले गराएका छन् । आफ्नो गुरुबाट प्राप्त ज्ञानमा आधारित रहेर मानवसेवाको भावना दर्शाउँदै अनुयायीहरुले यस कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीलाई युनिट १६५ युनिट रक्तदान पनि गरेका छन्।

कार्यक्रममा नेपाल प्रहरी मधेस प्रदेशका डिआईजी लगायत सुरक्षा निकायका उच्च अधिकारीहरु, विभिन्न नगरपालिकाका मेयर तथा वडा अध्यक्षहरु,विभिन्न निकायका प्रमुख कर्मचारीहरु, डाक्टर तथा इन्जिनियरहरु लगायत गणमान्य व्यक्तित्वहरुको बहुसंख्यामा सहभागीता रह्यो। कबिर साहेबले आज भन्दा ५११ वर्ष पहिले काशीमा १८ लाख साधु सन्तहरुलाई ३ दिन सम्म सतलोकबाट ल्याइएको मोहन भण्डारा गराएर प्रत्येक व्यक्तिलाई हरेक पटक भोजन गर्दा एउटा कम्बल र एउटा सुनको सिक्का पनि दिनुभएको थियो। काशीमा गरीब जुलाहाको जीवनलीला गरिरहनुभएको कबीर परमात्माले कसैले पनि गर्न नसक्ने यो अद्भुत चमत्कार गर्नुभएको थियो। त्यतिबेलाको पुरै घट्नाहरु चित्रण गर्ने आध्यात्मिक प्रदर्शनिहरु पनि उक्त कार्यक्रममा लगाइएको थियो। आश्रमको सर्व व्यवस्था तथा सन्त रामपालजी महाराजद्वारा बनाइएको भक्ति मर्यादा र अनुशासनलाई देखेर सबैले हृदय देखि नै कार्यक्रम आयोजकका साथै सन्त रामपालजी महाराजको प्रशंसा गरेका छन् । यस्ता कार्यक्रम, व्यवस्थापन र अनुशासन त राज्यले नै अनुशरण गर्नुपर्ने किसिमको नमुना रहेको कुरा अतिथीहरुले बताएका छन्।

विशाल भण्डारामा शुद्ध घ्युमा बनेका लड्डु,जेरी,बर्फि तथा हलुवा प्रसादका साथै पूरी, शब्जी,सलाद, दाल, भात, अचार आदीको व्यवस्था गरिएको छ।

जुनसुकै व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धेरै संख्यामा श्रद्धालु आए पनि सबैलाई निःशुल्क भोजन भण्डारा गराउने तयारी रहेको आयोजकले बताएका छन् यसका साथै धेरै भन्दा धेरै संख्यामा आम जनसाधारणलाई कार्यक्रममा सहभागी हुन पनि आमन्त्रित गरिरहेको छ। तेस्रो दिन भोग आरती र सत्संग गरी कार्यक्रम सम्पन्न हुने कुरा आयोजकले जनाएका छन्।

# कोदोखेतीले धानेको खोरियागाउँ

सिरहा। मिर्चैया बजारबाट १० किलोमिटर उत्तरपट्टि चुरेको फेदमा अवस्थित छ खोरिया बस्ती । बस्तीमा दलित, जनजातिलगायत सीमान्तकृत समुदायका २६ परिवारको बसोबास छ। बस्तीमा सानो झुपडी, फुसको छानो, बाँसका भाटाले बेरेका टहरा छन्।

मिर्चैया नगरपालिका-७ मा पर्ने यस गाउँमा जब प्रवेश सुरु हुन्छ, बारीभरि कोदोखेती देख्न सकिन्छ। यहाँका किसानका लागि यो निर्विकल्प खेती हो । वर्षमा एक पटक मात्रै यहाँका किसानले कोदो उत्पादन गर्छन्।

चुरेको फेदमा अवस्थित यो गाउँ सुक्खा क्षेत्र भएको र सिँचाइ सुविधा नहुँदा कोदोखेतीको विकल्प नभएको यहाँका किसानको भनाइ छ।

“बाउबाजेदेखि यही कोदो रोप्दै आएका छौँ। अन्य बालीका लागि सिँचाइको सुविधा छैन । पिउने पानी त नभएर छ महिना समस्या हुन्छ”, स्थानीय हर्कबहादुर परियारले भन्नुभयो, “जेजति उब्जनी हुन्छ यही कोदोको जोहो गर्नुपर्ने बाध्यता छ।”

यतिबेला कोदो पाकेको छ । किसान बाली भित्र्याउने तयारीमा छन् । परियारले दुई कट्ठा बारीमा कोदो लगाउनुभएको छ । “यो अगौटे बीउको कोदो आजभोलि नै टिप्ने बेला भइसकेको छ। आफ्नो उत्पादनको दुई गेडा अन्न भए पनि स्याहार्नु त पर्यो”, परियारले भन्नुभयो। उहाँले उत्पादन गर्नुभएको १०/१२ पाथी कोदोले केही महिना मात्र जोहो टर्छ, बाँकी महिना ज्याला मजदुरी गरेर छ जना परिवारको जीविका चलाउनुपर्छ।



परियारको जस्तै भनाइ छ सोही बस्तीकी धनसरी विश्वकर्माको पनि । खडेरीले अन्य बाली खाने हुँदा आफूहरूले कोदा रोपेर जीविका चलाउनुपरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “मान्छे र गाईवस्तुलाई खानेपानीका लागि छ महिना एक घण्टाको बाटो धाएर पानी बोक्नुपर्छ । भएका कुवा र इनार मङ्सिर नलाग्दै सुक्छन् । यस्तो ठाउँमा कोदोबाहेक अन्य अन्नपात उब्जदैन। मकै रोपे पनि खडेरीले खाइहाल्छ।” कोदोबाहेक गहत, बोडी र तिललगायतका अन्नपात लगाउने गरेको उहाँले जानकारी दिनुभयो।

उब्जने त्यही कोदो बालीमा पनि स्थानीय सरकार तथा अन्य निकायले उन्नत बीउ तथा अनुदान सहयोग नगरेको यहाँका किसानको गुनासो छ। उत्तरी भेगका करिब १० प्रतिशत किसानले कोदोखेती गरे पनि नगरपालिले हालसम्म कोदोखेती गर्ने किसानलाई प्रोत्साहन गर्ने कुनै प्रकारको नीति र योजना नरहेको मिर्चैया नगरपालिका कृषि शाखा प्रमुख नागेश्वर हाथीले बताउनुभयो।

उहाँले भन्नुभयो, “यहाँका किसानलाई कोदोखेती विस्तार र संरक्षणमा सम्बन्धित नगरले अहिलेसम्म कुनै नीति बनाएको छैन । आगामी दिनमा नगरका तर्फबाट किसानलाई कोदो उत्पादनका लागि प्रोत्साहन, बजार व्यवस्थापन र व्यावसायीकरणका लागि सहयोग गर्न पहल गर्नेछौं।” यहाँका कर्जना, मिर्चैया, गोलबजार र धनगढीमाई नगरपालिकाका चुरेफेदका सुक्खा बस्तीका गाउँमा मुख्यगरी कोदोखेती गरिन्छ।

कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार जिल्लामा करिब छ सय ४५ हेक्टर जग्गामा कोदोखेती गरिने तथ्याङ्क छ । त्यस्तै नौ सय ६७ मेट्रिक टन कोदो बर्सेनि उत्पादन गरिन्छ। प्रमुख महासेठका अनुसार स्थानीय तहले नै कृषिसम्बन्धी हेर्ने भएकाले किसानको प्रोत्साहनका लागि आफूहरूको कुनै विशेष योजना नरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिले जिल्लाको दक्षिणी भेगमा पनि यहाँका किसानले कोदोखेती गर्ने गर्थे । तर अहिले उत्तरी भेगमा मात्र सीमित छ । स्थानीय तहले कृषि शाखामार्फत प्रत्यक्ष किसानलाई हेर्ने हुँदा अहिले हामी एक हिसाबले अधिकारविहीनजस्तो भएका छौँ। स्थानीय तहसँग समन्वय गरेर भए पनि किसानलाई कोदोखेतीमा आकर्षित गर्नुपर्ने आवश्यकता छ ।” जिल्लाका परम्परागत बालीनालीको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

पहिले मुख्य खाना नै कोदाको रोटी, ढिँडो हुने गरे पनि अहिले मुख्य खाना भात भएकाले विभिन्न रोग पनि सँगसँगै आएको खोरिया बस्तीका खड्गबहादुर विश्वकर्माले बताउनुभयो। उहाँले भन्नुभयो, “गाउँघरमा कोदोखेती विस्थापित हुँदै गएको छ। बजारका अन्य खानेकुराले मानिसलाई रोगी बनाउँदै छ । सरकारले कोदोखेतीको संरक्षणमा ध्यान नदिँदा सीमित किसानले आफ्ना लागि आवश्यक पर्ने मात्र कोदोखेती गर्ने गरेका छन्।”रासस

# ऊर्जामन्त्री खड्का र नेपालका लागि जर्मनीका राजदूतबीच शिष्टाचार भेट

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपालका लागि जर्मनीका राजदूत डा थमस प्रिन्जबीच शिष्टाचार भेटवार्ता भएको छ। ऊर्जा मन्त्रालयमा शुक्रबार भएको भेटमा नेपाल र जर्मनबीच ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो।

भेटमा ऊर्जामन्त्री खड्काले जर्मनीले नेपालको आर्थिक विकासका लागि गरेको योगदानप्रति आभार व्यक्त गर्नुभयो। उहाँले चिलिमे-त्रिशूली प्रसारण लाइन, लेखनाथ-दमौली प्रसारण लाइन, सौर्य ऊर्जा प्रवर्द्धनजस्ता परियोजनामा जर्मन सरकारले गरेको योगदानप्रति कृतज्ञता व्यक्त गर्नुभयो।



मन्त्री खड्काले ऊर्जा क्षेत्रका आवश्यकतालाई सम्बोधन गर्न, क्षेत्रीय सहयोगलाई बढावा दिन र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई प्रवर्द्धन गर्न जर्मन सरकारले सहयोग गरेका परियोजनाबाट निकै सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको भेटमा सहभागी मन्त्रालयका सचिव सुरेश आचार्यले जानकारी दिनुभयो। ऊर्जामन्त्री खड्काले भर्खरै सम्पन्न भएको आर्थिक तथा प्राविधिक सहयोग सम्झौतामार्फत नेपालमा जर्मनीले गरेको कुल ५६ मिलियन युरो बराबरको प्रतिबद्धताका लागि धन्यवाद दिनुभयो।

भेटमा नेपालका लागि जर्मनीका राजदूत डा प्रिन्जले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि आवश्यक प्रसारण लाइन र सौर्य ऊर्जाको विकासका लागि सहयोग गर्न पाउँदा खुसी लागेको बताउनुभएको थियो । उहाँले नेपाली जनताको जीवनस्तर उकास्नका लागि जर्मन सरकारले आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।रासस

# हिउँद नलाग्दै सुक्न थाले खोला

सिरहा। सिरहाको मिर्चैया नगरपालिका-७ स्थित खोरियाटोलकी चमेली सदायलाई नजिकै रहेको चुनिया खोलामा पानी सुक्दै जानथालेपछि चिन्ता बढेको छ। गाईबस्तुलाई खुवाउने पानीको लागि त्यही खोलामा रसाइरहेको पानीमा आश्रित चमेलीजस्तै यस खोरियागाउँका २६ घरपरिवालाई अब पानीको जोहो कसरी गर्ने चिन्ताले सताएको छ।

दैनिक १०/१५ गाग्री पानी ओसार्ने चमेलीले सुक्दै गरेको खोलातर्फ देखाउँदै सिङ्गो हिउँद समय कसरी पानीको समस्या टार्ने जनाउँदै चिन्ता व्यक्त गर्नुभयो। “दिनदिनै खोलाको पानी सुक्दै जान थाल्यो । अबको एक/दुई दिनमा गाग्रो भर्ने समस्या होला जस्तो छ”, गाग्रोमा पानी भर्दै गर्नुभएकी उहाँले भन्नुभयो,“हिउँदको छ महिना पूरै गाउँ काकाकुल हुन्छ। खोला, इनार, कुवा सबै सुक्छन् । मान्छेलेसमेत तिर्खे मेट्ने मुस्किल हुन्छ, बस्तुभाउको के कुरा।”



चुरेको फेदमा अवस्थित यो गाउँ सुख्खा क्षेत्र भएकोले बर्सेनि खानेपानीको हाहाकार हुने स्थानीयवासी खड्गबहादुर विश्वकर्माले बताउनुभयो । उहाँले भन्नुभयो,“मङ्सिर नलाग्दै पानीका स्रोत सुक्न थाले। पानीकै चरम अभावले बसाइँ सर्ने अवस्था आइसक्यो। न त अघाउञ्जेल पानी पिउन पाइन्छ, न त कुनै बालिनाली सप्रिन्छ। हाम्रो त उठीबासको अवस्था छ।”

हिउँद समयमा अधिकांश चुरे क्षेत्रका पानीका स्रोत सुक्ने भएकाले दुई घण्टाको बाटो दक्षिणतर्फ धाएर फूलबारियाबाट पानी ओसार्नुपर्ने नियती उहाँले दोहोऱ्याउनुभयो। दुई दशकदेखि खोरिया गाउँमा बस्दै आउनुभएका विश्वकर्माका अनुसार अहिलेसम्म गाउँमा खानेपानी, विद्युत् र सडकसमेत विस्तार भएको छैन । चुनावताका विकासका आश्वासन पाउने गरेपनि सधैँभरी गरिबी, अभाव र पीडामा जिन्दगी चलिरहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, “आसैआसमा जिन्दगी जानेभो हजुर। हामी गरिबको लागि कुनै सरकार रहेनछ।” अन्नको नाउँमा परम्परागत कोदो खेतीमात्र वर्षमा एक पटक उत्पादन गर्नु यहाँका किसानको बाध्यता हो। अन्य बाली खडेरीले खाने विश्वकर्माको भनाइ छ।

खोरियागाउँमा पानीको समस्या बारेमा मिर्चैया नगरपालिका बेखबर छैन। गत आर्थिक वर्ष दुई किलोमिटर दक्षिणतर्फ रहेको मौरहामा मधेश प्रदेश सरकारको स्रोतबाट ‘डिपबोरिङ’ गाड्ने भनी अध्ययनसमेत भइसकेको मिर्चैया ७ का वडाध्यक्ष रामदयाल ठाकुर बराहीले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा त्यो योजना पूरा गर्नेगरी यस भेगमा अभाव हुने खानेपानीको समस्या समाधान गर्न आँफु लागिपर्ने वडाअध्यक्ष बराहीले प्रतिबद्धता व्यक्त गर्नुभयो।

जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका अधिकांश क्षेत्रका कुवा, इनार र खोला सुक्ने हुँदा नगरपालिकाको मात्र नभएर देशकै लागि चुनौती बन्दै गएको नगरप्रमुख श्रवणकुमार यादवको भनाइ छ।रासस


**शैक्षिक सत्र २०८१/०८२ मा डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ पुनः प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धी जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०७/०१ पुनः प्रकाशित**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट संचालन गरिने डिप्लोमा इन मेडिकल ल्याब टेक्नोलोजी (CMLT) तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रममा शैक्षिक सत्र २०८१/०८२ मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका नीजि स्तरमा संचालित शिक्षालयको परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको “**डिप्लोमा भर्ना सम्बन्धि निर्देशिका २०८१**” बमोजिम पूर्ण शुल्कीय तर्फ डिप्लोमा इन मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रममा विद्यार्थी छनौट गर्न योग्यता पुगेका विद्यार्थीहरुबाट तल उल्लेखित अनुसार रितपूर्वक आवेदन फाराम भर्न/भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

**प्रवेश परिक्षा फाराम भर्ने मिति पुनः थप गरिएको।**

(१) **फाराम भर्ने तथा बुझाउने मिति** :- २०८१ कार्तिक ०१ गते विहीबार देखि २०८१ मंसिर १ गते शनिबार सम्म।

(२) **परीक्षा संचालन मिति** :- २०८१ मंसिर २ गते आइतबार।

(३) **फाराम पाइने र बुझाउने स्थान** :- रामजानकी टेक्निकल इन्स्टिच्युट प्रा.लि., जनकपुरधाम-४

(४) **सम्पर्क नं.** :- ९८४४०२०८८८, ९८४४०९९९२५

**रामजानकी टेक्निकल इन्स्टिच्युट प्रा.लि.**
**जनकपुरधाम-४**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। हाम्रो सानो प्यारो देश नेपाल ।।

हाम्रो देश प्यारो देश
सुन्नु पर्छ सबैको उपदेश
हाम्रो मिहिनेत सबैको हित
हामी छौ सबैको नजिक
साना, ठुला छौ यहाँ
सबै मिलि बनाउनुपर्छ ,
नेपालको चित्र जहाँ जह्लाँ
बाबा, आमाको साथ
हामी सबै छौ काख
सानो छ हाम्रो देश
ठुलै छ हाम्रो परिवेश
नेपाल हाम्रो भूमि
हामी सबै मिलि,
नाच्नु पर्छ घुमी घुम्री



**कविता लेखक :- नविन श्रेष्ठ**
**ठेगाना :- सितापुर, खोरिया बटेश्वर-२**

## ।। कविता ।।

आज जिन्दगीको रणभूमिमा युद्धको आरम्भ गर्दै छु !
थाहा छैन हातको रेखाहरुमा के लेखिएको छ आफ्नो भाग्य
आफै कोर्ने भागदौडमा छु जित्नु आफैलाई छ बदल्नु पनि आफैंलाई
छ यात्रा मेरै हो यात्रि म आफै हू मलाई आफ्नै गन्तव्यमा जसरि पनि
पुग्नु छ त्यसैले एउटा बाद्येता छ न हार्न सक्छु म न हरेस खान सक्छु
आश राख्नेहरुको आशा पुरा गर्नु छ मलाई त्यसैले आफैंसँग एउटा
प्रण गर्दै छु आज बाधा अडचनहरुलाई सिढी बनाउछु सङ्घर्षको
पहाड उक्लेर सफलता चुम्नु छ मलाई केहि त बन्नु छ अब केहि त
गर्नु छ....त्यसैले आज एउटा यात्राको आरम्भ गर्दै छु के तिमी पनि
यो यात्राको सहयात्री बन्छौ र सहयात्री ?



**सुनिल कुमार मंडल**
**श्री उ मा बि प्रितपुर पर्वता ९ धनुषा**
**हाल धनुषाधाम न पा ५ पर्वता धनुषा**

## ।। फूलवारी ।।

मधेस पहाड नेपालवासी हामी नेपाली
घरकोअघि र पछि राख्दछौं फूलको वारी
चम्पा चमेली अरु सयपत्री खिलेको
गेन्दा, बेली, जुही, हजारी आदि भएको
हेर्दा लाग्छ अति सुन्दर साँझ- बिहान
सुगन्ध यसको गम्कन्छ मोहिन्छ मन
दिलमा रहेको विकार सबै दुर गर्दछन
साँझ बिहान खिली- खिली हसिलो पार्दछन
हतास भएको मानिसलाई खुसी पार्दछन
बाटो मैं जाने यात्रुहरुलाई आकर्षित गर्दछन
अति सुन्दर यो मेरो प्यारो फूलवारी
फूलको खेत सांच्चै हो यो छैन जंगल झाडी
यसैको फूल टिपी मानिस देउतालाई चढाउंछन
नेता- जेता आउंदा स्वागती माला पहिराउंछन
जीवनमा यसको धेरै महत्त्व हुन्छ दाजु भाई
भनाई मात्र हैन यसमा सांच्चै हो गराई



**लेखक :-निरज कुमार यादव**
**ठेगान :- लक्ष्मीनियाँ गाँउपालिका वार्ड :-३**

## ।। विश्वास बिना जीवनको कुनै अर्थ छैन ।।

के हुन्छ र अब आउने पुस्ताको,
आजभोलि त, भाईभाइमा झगडा हुँदैछ।
सानो-सानो कुरामा, ठूलो विवाद उठ्न थालेका छन्,
विश्वास हराउँदै, दुरि बढ्दैछ।
एउटा भाई अर्कोतर्फ विश्वास नगर्दा,
सपना चुरिन्छ र सम्बन्ध तुहिन्छ।
खूनको नाता भएका भाइहरू पनि
एकअर्कालाई शंका र डरले भित्रबाट खत्तम पार्न थालेका छन्।
कस्तो दिन आएको छ,
जति विश्वास गर्न सक्थ्यौं, उति कम भयो।
एक भाई अर्को भाईमाथि विश्वास गर्न सक्दैन,
मलाई चिन्ता छ, भविष्यको के होला?
यदि समयमै यो समस्याको समाधान भएन भने,
आउने पुस्ताको भविष्य अंधकारमा जानेछ।
र यदि यस्तै रह्यो भने,
भाइहरू भाइको खूनको प्यासले भरिनेछन्।
आजभोलि भाइभाइले झगडा गरी,
आमा-बाबुलाई टुक्रा-टुक्रा पारी दिइरहेका छन्।
के हुन्छ अब पृथ्वीमा?
विश्वास बिना यो संसारको के हुन्छ?
विश्वास नहुनुको कारण के हो?
समाधान छ कि छैन?
तपाईं र म, हामी सबैले विचार गर्नु पर्छ,
किनकि विश्वास बिना, जीवनको अर्थ नै छैन।



**गुड्डु सिंह कुशवाहा**
**कक्षा :- १२, मोडेल मल्टिपल कलेज**
**घर :- औरही न. पा. :-०९ (भवानिगञ्ज)**

## "अन्तिम मौका"

तिमी गई,
र म एक्लो बनें,
यो मन अझै सोध्छ,
के म तिमीलाई गुमाउनु पर्दै थियो?
हर सपनामा तिमी छौ,
तर हात खाली छन्,
मेरो अस्तित्वमा तिम्रो अभाव
तुफान बनेर चलिरहेको छ।
म बाँच्न सक्छु
तर तिमी बिना,
यो जिन्दगी केवल छायाँ हो,
तिम्रो उज्यालो खोज्दैछ।
मलाई एउटा अन्तिम मौका देऊ,
मेरो गल्ती सुधार्न,
मेरो माया प्रमाणित गर्न,
र तिमीलाई खुशी बनाउने वाचा गर्न।
म कमजोर हुँदाको क्षण सम्झेर,
तिमीले आँखा नढाक,
मेरो प्रेमको गहिराई बुझेर,
एक पटक फेरि फर्क।
मसँग केही छैन तिमीलाई दिने,
सिवाय यो मुटुको,
तर यदि तिमी आयौ,
म संसार तिम्रै खुट्टामा राखिदिन्छु।
यो अन्तिम प्रार्थना हो,
तिमीलाई फर्काउन,
मलाई मौका देऊ,
यो अधुरो प्रेम पूरा गर्न।



**सौम्य राज पाठक**
**कक्षा १२, मोडेल कलेज**
**घर :- जलेश्वर ८ (बजराही)**

## ।। मन रमाउँदैन ।।

त्यो गुलियो पन अब
उखु को रसमा छैन
अरूलाई के गलती
भनु मेरो मन बसमा छैन।
अब त्यो आमुलय कुरा
बजार मा बिक्दैन।
अरूलाई के सुधार्नु मेरो
चालामाला नै ठीक छैन्
अब यो मन सानो सानो
कुरामा रमाउँदैन् ।
यहाँ सहिको बदला
सही त्यो नी पाउँदैन
हुनु त हजारों खुसी
को कुराहरू छन तर
यो मन पहिला जस्तो
अलि नी रमाउँदैन।



**लेखक रोहन भुजेल**
**जनकपुर -७**

## ।। प्रकृतिसंग हाम्रो सम्बन्ध ।।

प्रकृति नै हुन हामी सबै प्राणीका जननी
धन्य प्रकृति हामी हौं जलश्रोतका धनी
स्वच्छ वातावरण स्वर्ग झै हाम्रो देश
क्या मिलेका छन् यहाँ हिमाल, पहाड, मधेश
हिमगिरिबाट निस्किने नदी, खोला र झरना
यि नै श्रृंगार हुन धर्ती माताको गहना
कसैले अब मास्नु हुन्न वन जंगल
यो चराचुरुङ्गी, बाघ, भालुको हो बास स्थल
जसले ठान्छ आफूलाई बलशाली देश
काम यसपाली राम्ररी गरोस विशेष
जलबायु परिवर्तनमा राखोस ध्यान
यो पृथ्वीको कम गरोस तापमान ॥



**नाम :- सरजीत यादव**
**कक्षा- १२ मोडल केम्पस जनकपुरधाम-०४**
**ठेगाना :- सोनुखरा-०१ महोत्तरी**

## ।। गजल ।।

अहाँ बिनु जिनगी बिजुली कें तार लगै छैं
दिलमे दरद ठोर पर मुसकी बेकार लगै छैं
मुदा नइ घबराएब अहाँ पीडा देखिक हमर
प्रेम सिनेह आब हमरा शहर बजार लगै छैं
बिसरीओ कऽ बिसरी नहि पाबैछी कखनो
सायद ताही सँ जवानी आब अचार लगै छैं
मोन कें भुला'ब लेल लिखैत रहैं छी गजल
मुदा चोट खाएल हृदय बेवस लचार लगै छैं
बन्द कोठा में बौवाइत रहै छी अपने धुइनमे
सुखल ठोर थाकल शरीर आब भार लगै छैं



**उदगार यादब**
**मिथिला विहारी नगरपालिका**
**सिरसिया-६**

## ।। मायाको चिनो ।।

मायाको चिनो, एउटा मौन सन्देश,
मनको गहिराइमा बाँचेको मीठो अभिलाष।
न त शब्द चाहिन्छ, न त आवाज,
मायाको चिनो बुझ्छ मन, बिन्ती र अनुवाद।
सानो वस्त्रको टुक्रा, साँचो झैं प्रिय,
वा कुनै कागजमा लेखिएको मीठो संझना प्यारा।
केही चिजले दिलाउँछ उसलाई याद,
जुन सदैव रहन्छ हृदयमा बाँधिएको प्रेमको ताद।
मायाको चिनो एक वचन, माया एक थुङ्गा फूल,
यही चिनोले जीवनलाई बनाउँछ फुलबारी, रसिलो झरना झैं कुल।
सम्झना हर दिन, अनि झल्किन्छ त्यो अनुहार,
यो चिनोले पो त, मायामा रहन्छ अमर संसार।
जसले बाच्यो सधैं हामीसँग,
मायाको चिनोले बाँधेर राख्छ हृदयको सुगन्ध।
छिनमै बग्दछ समय, ती चिनोहरू साक्षी,
मायाको गहिराइमा हराउनु छ जस्तो, सधैंलाई उनी।



**लेखक :- आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक बिधालय,**
**जनकपुरधाम-२० रूपैठ , बेलहि**

## ।। भूत मेला ।।

रातको अँध्यारो, सन्देश ल्याउँछ,
ध्वनिहरू गून्जिन्छन्, जहाँ कुनै प्रेत उभिन्छ।
भूत मेला लाग्छ, काला बादलको छाँया,
आकाशले चिच्याइरहेको छ, गड्गडाहटको ध्वनिमा।
जाडो हावा, असहज चुपचाप बहन्छ,
भूतहरूको डमरू, र हंसीको अनहोनी रचनासँग।
नङ्गा पाइलाहरू, फुटेर आएका कसम,
प्रेतहरूको जमघट, लुकेको छ बुढो सपना।
यो मेला नाजुक छ, अघिल्तिर हेरेर गयो,
तर जीवनको अजनबी डरको सबैलाई थाहा छ।
जो थाहा पाउँछ, उसको मन अँध्यारो बन्न सक्छ,
कसैले सम्झन्छ, यो कालो रातको रंग।
तर असल कुरा भनेको यो, डरलाई सँगै राख्नु,
भूत मेला मात्र होइन, समयले दिएको शिक्षा।
प्रेतहरूको रात्रि साँचो नभए पनि,
नयाँ बिहानसँगै बाँच्नको उमंग आउने छ।



**लेखक: रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। समस्या को घर ।।

समस्याको घरमा चुपचाप बसिन्छ,
सपना हराउँछन्, मन गहिरो दुखिन्छ।
दीवारहरू उचो, हावा गहिरो,
हरपल चिन्ता, व्यथा तिमीले भोग्नु।
आकाश गड्बड, भूमि हराएको छ,
पानीले नपुग्ने, प्यास सधैं बाकी छ।
समस्या भित्र बसी सम्झिन्छु सधैं,
के यो घर भनेको जीवनको अन्धकार हो?
तर यत्रा गरौं, सस्तो विश्वास गुमाउँदैन,
समस्या त दरबार हो, जहाँ नै उत्सव जन्माउँदैन।
हिम्मतको दीप जलेर लाज नसम्झ,
यो घरमै बाह्य उज्यालो ल्याउन सक्छौं।
समस्या को घरसँग सम्झौता नगर,
कसम खा, हामी शान्ति पाएरै फर्कन्छौं।
सपना, जीवन, र खुशी हामीसँगै हुन्,
समस्या को घर अब खाली बनाउछौं।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। सगर देह अछि कारा ।।

चौरचन बीतल जितिया बीतल
बीत गेल दशहारा , हम परदेशी
परदेमे सगर देह अछि कारा
बान्हल छी एग्रीमेंटक फंदमे
मातल छी बुझू एतहुका गंधमे
बालु कोडि. मरू भुमी देश मे, रियल तकै छी
बौआए रहल छी गुफा अंधमे
घरक लोक बुझैत होयत हमरा
छौडा खेला रहल छै छिहरा ,हम
परदेसी परदेसमे सगर देह अछि
कारा
बीतल साल ठीक एहि मासमे
बिदा भेल रही नोकरी आसमे
एहू साल नहि छठी-दिवाली
गाबी नहिं पओलहुँ होरीक भासमे
कनैत कनैत भेल आँखि लाल हमर
कंठमे लागि गेल गारा , हम परदेसी
परदेस मे सगर देह अछि कारा



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## सामा चकेवा: मिथिलाञ्चलको सांस्कृतिक पहिचान

सामा चकेवा मिथिला क्षेत्रको एक विशिष्ट र महत्त्वपूर्ण पर्व हो, जसले भाई-बहिनीको पवित्र सम्बन्ध, नारी सशक्तीकरण, र सांस्कृतिक चेतनालाई उजागर गर्छ। कार्तिक पूर्णिमादेखि सुरू भएर केही दिनसम्म चल्ने यो पर्व विशेषतः महिलाहरूले मनाउँछन्। यसमा परम्परागत गीत, माटोका मूर्तिहरू, र सामूहिक खेलहरूको माध्यमबाट पौराणिक कथाहरू जीवन्त बनाइन्छ।

पौराणिक कथा अनुसार, सामा नामकी युवतीलाई झुटा आरोपमा सजाय दिइन्छ। तर, उसका भाइले न्यायका लागि संघर्ष गर्छन् र अन्ततः उनलाई निर्दोष सावित गर्छन्। यस कथाले नारीमाथि हुने अन्याय र पुरुषसँगको समानताको पक्षमा सन्देश दिन्छ। सामा र चकेवाको चराको प्रतीकले प्रकृति र जीवनको अन्योन्य सम्बन्धलाई पनि झल्काउँछ।

सामा चकेवाको पर्वले केवल मनोरञ्जन र परम्पराको संरक्षणमात्र गर्दैन, यसले सामाजिक एकता र न्यायको पक्षमा गहिरो सन्देश दिन्छ। आजको बदलिँदो समाजमा यो पर्वले लैङ्गिक समानता, पर्यावरणप्रतिको जिम्मेवारी, र आपसी प्रेमका मूल्यहरूलाई पुनः स्मरण गराउँछ।


सांस्कृतिक धरोहरका रूपमा सामा चकेवाको संरक्षण हाम्रा लागि महत्त्वपूर्ण छ। यस्ता पर्वहरूले हाम्रो पहिचान, एकता, र परम्परागत ज्ञानलाई जोगाइराख्न सघाउ पुऱ्याउँछन्। यो पर्व केवल मिथिलाञ्चलको नभई सम्पूर्ण नेपाली समाजको साझा सम्पत्ति हो, जसले हामीलाई हाम्रो जरा र मूल्यहरूसँग जोडेर राख्छ।



**लेखक :राम पुकार महतो (बिद्रोही)**

## ।। बालघरको टुहुरो ।।

सानु बच्चो थिए म जब ,
न त्यो मुखले तोते बोल्दैनथे , न त्यो रथले भुई कुद्थे
सधैं बाँचिरहेको आमाको त्यो काखबाट , म एकदिन पर पुगे
फेरि बाबाको काँधबाट पनि , उकसिएर तल झरे
म यो संसारको नजरमा एउटा टुहुरो भए ।
थपे एकअर्को उपकार संसारले म माथि ,
पुर्यायो त्यो बालघर जहाँ इन्तजारमा म झै अनेकन् साथी
निहत्था खडा योद्धा म भए , एक्लो यो रणभूमिमा माझमा
बिरानो संसारको अनुभूति हेर्न पुगे , यी मान्छेहरुका जमातमा ।
सोध्थे सधैं त्यो रखवारे सित म ,
की खोइ , की खोइ कता हो मेरो बोट भनेर
बस्छन् माथिका असमानमा , हेर्छौ भने माथि हेर
सुनेपछि यी यति सारा , अथ सोध्ने कुनै अठोट बचेन
सायद आफ्नो बोटलाई पाउन , यो टुहुरा सित कुनै आश बचेन ।
सुर्ताएछु म अझ पनि ,
कहिल्यै भेटको आश बोकेर आएनन् भेट्न मलाई , किन?
कहिल्यै आकाशबाट उत्रेर आएनन् स्पर्श गर्न मलाई , किन ?
सायद सधैं रातदिनमा , फर्काउँछन बा आमा मेरो निम्ति एउटा
मुस्कान ।
अहो ! बलघर त साच्चै स्वर्ग रहेछ ,
कैयन साथीहरु सित प्रमोदले , गुज्रने मेरो यो फिक्का रातदिन
अधकल्चो यो जीवनकथा , जसमा ती पत्रहरका बिछोड
जसमा ती पत्रहरुका बिछोड
सोच्दै हुन्छ कि कसरी नभनी छोडेर जान सक्छ र ?
यही प्रश्नले मलाई , र मेरो मनलाई रुलाएको छ
बलघरको हजारौं टुहुरा मध्ये, एउटा टुहुरा बोल्दै छु म ।



**नरेन्द्र नाथ साह ( कक्षा - १२ )**
**मोडेल मल्टिपल कलेज जनकपुर**
**( वाणिज्य संकाय बिद्यार्थी)**

## ।। देश बनाऔ ।।

दाजूभाई , है दिदि बैनी ! हिमाल तराईमा
यो त्यया मैले दुःखका साथ बिसाए तपाईंमा
विगतका साथ सम्झदा पनि हताश लाग्दछ
विभेद किन हामीमा आयो के हामी मधेशी नेपाली हैन
हामी, मधेशी नेपाली हौ ! कुनै आतङ बादी हैन
धोती धोती नभंनुस , के धोती धोती नभंनुस
हामी कुनै गाली हैन,
हामी मधेशी नेपाली हौ ! कुनै मवाली हैन।



**मोहम्मद उमर अब्दुल्ला रायन**
**जनकपुर धाम ४**

## ।। भ्रष्ट नेता ।।


नेता छलाह जनता केर मसीहा बनिक' आयल, वादा कएलनि सुधारक, पर खुदके फायदा उठायल।
देशक सेवा आ जनताक भलाईक बात करैत रहलाह, भीतर-भीतर भ्रष्टाचारक खेल ओ खेलैत रहलाह।
अस्थापित कएलनि सपनामे एकटा सुनहेर समाज, अहाँकें देखबैत रहलनि ई झूठक मृगमरीचिका काज।
खेलैत छलाह कुर्सीक लेल, जनताक संग ठगी करैत, धन आ संपतिक प्यासमे, न्याय आ धर्मक मजाक उड़बैत।
अखनि समय अछि जागबाक, करबाक सबहक सवाल, भ्रष्ट नेतासँ छुटकारा पाबी, जनताक भविष्य बनाउ लाल।



**लेखक राजन दास**

# सक्षम र पारदर्शी प्रशासन सरकारको उच्च प्राथमिकतामाः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जनगुनासोलाई सम्बोधन गर्दै सुस्त, दुरुस्त, सक्षम र पारदर्शी प्रशासन कसरी सञ्चालन गर्ने भन्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ ।



सिंहदरबारमा शुक्रबार सम्पन्न राष्ट्रिय विकास समस्या समाधान समितिको ५३औँ बैठकमा प्रधानमन्त्री ओलीले विकासका लागि सुशासन झनै आवश्यक भएकाले शासकीय सुधारलाई समितिबाट निर्णय गर्नुपर्ने कार्यसूचीको पहिलो नम्बरमा राखेको स्पष्ट गर्नुभयो ।

उहाँले वन वातावरण संरक्षण गर्दै यस क्षेत्रले विकासका आयोजनालाई सहजीकरण गर्नुपर्ने र विकासलाई अवरोध गर्नेगरी वनसम्बन्धी निकायले काम गर्न नहुने बताउनुभयो । उहाँले अजरबैजानको बाकुमा भएको जलवायुसम्बन्धी सम्मेलनमा वन मन्त्रालयले आवश्यकताभन्दा बढी कर्मचारी पठाएको सन्दर्भ उल्लेख गर्दै यस्ता गलत प्रवृत्ति हुन नहुनेमा मन्त्री र सचिवहरूलाई ध्यानाकर्षण गराउनुभयो ।

"हामीले गतिका साथ काम गरेर साहसिक निर्णय लिनुपर्नेछ । कृषिको आधुनिकीकरण र निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व बढाउनुपर्नेछ । उद्यमीलाई तर्साउने र गाली गर्ने अनि त्यस्तै प्रवृत्तिले ताली पाउने खालका कार्यलाई कडाइका साथ निरुत्साहन गर्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "व्यापार र उद्योगमा लगानी हुने वतावरण सृजना गरी काम गर्नुपर्छ । निकै ठूलो षड्यन्त्रका साथ विकासलाई अवरोध उत्पन्न गर्नेगरी सामाजिक अराजकता निम्त्याइएको छ ।

प्रधामन्त्री ओलीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजामा सुधारका लागि अनलाइन कक्षालगायतका विकल्पका योजना ल्याउन शिक्षा मन्त्रालयलाई निर्देशन दिनुभयो ।

**प्रधामन्त्री ओलीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजामा सुधारका लागि अनलाइन कक्षालगायतका विकल्पका योजना ल्याउन शिक्षा मन्त्रालयलाई निर्देशन दिनुभयो ।**

बैठकमा प्रस्तुत शासकीय सुधार, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा वन क्षेत्रको उपयोग, आयोजना बैंक, सार्वजनिक खरिद प्रयोजनका लागि जिल्ला दररेट, बाल सुधार गृह सञ्चालन तथा सडक बालबालिका मुक्त अभियान, सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी भवन, समपूरक अनुदान, सोह्रौँ आयोजनाको कार्यान्वयन योजना, आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापन, विद्युत् महसुल सङ्कलन विनियमावली, अनिवार्य तथा निःशुल्क शिक्षा, सार्वजनिक सेवामा इन्टर्नसीप, विपद् उत्थानशील पूर्वाधार निर्माण, विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यसूचीहरूमा समाधानको विकल्पसहित निर्णय भएका छन् ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकरीले समष्टिगत आर्थिक परिसूचकको अवस्था र प्रवृत्ति, नेपाल सरकारको सार्वजनिक वित्त परिचालनको अवस्था, सङ्घीयतापछि चालु आर्थिक वर्षसम्मको आर्थिक सामाजिक प्रगति स्थिति, प्रदेशहरूको समष्टिगत आर्थिक अवस्था, चालु आर्थिक वर्षको प्रगति स्थिति, यसअघिका पछिल्ला तीनवटा विकास समस्या समाधान समितिका बैठकका निर्णयको कार्यान्वयन स्थितिलगायत विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मन्त्रीगण, प्रदेश सरकारका मुख्यमन्त्रीहरू, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, नेपाल राष्ट्र बैंकका गभर्नर, नेपाल सरकारका मुख्यसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी, महालेखापरीक्षक, सङ्घ र प्रदेश सरकारका सचिवलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# जलवायुसम्बन्धी नेपालको धारणा उजागर गर्न राष्ट्रपतिको भ्रमण फलदायी

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा वातावरण परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरुको सम्मेलन कोप-२९ मा नेपालले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि जलवायु संरक्षणका विषय स्पष्टताका साथ प्रस्तुत गरेकाले भ्रमण फलदायी भएको छ ।



अजरबैजानको बाकुमा भएको उक्त सम्मेलनमा सहभागी भई राष्ट्रपति पौडेल स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आज आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका सहसचिव एवं प्रवक्ता अमृतबहादुर राईले 'हिमालदेखि समुद्रसम्मको एकीकृत भावनाले जलवायु संरक्षण गर्नुपर्छ' भनी नेपालले उठाउँदै आएका विषयमा भ्रमणबाट थप जोडबल पुगेको स्पष्ट पार्नुभयो ।

"जलवायु वित्त, हानिनोक्सानी र अल्पविकसित देशले भोगिरहेका पीडा कम गर्न विश्व समुदायमाझ प्रविधि र वित्तीय सहायता बढाउनुपर्छ भन्ने नेपालको धारणा उजागर गर्न भ्रमणबाट थप बल पुगेको छ", उहाँले भन्नुभयो ।

हिमालदेखि समुद्रसम्मको सम्बन्धलाई एकीकृत रूपमा सम्बोधन गर्न एउटै आवाज बनाउन नेपालले 'सगरमाथा संवाद' आयोजना गर्न लागेको सन्देश दिँदै राष्ट्रपति पौडेलले विश्व समुदायलाई त्यस बैठकमा सहभागी हुन निमन्त्रणा दिनुभएको प्रवक्ता राईले जानकारी दिनुभयो ।राष्ट्रपति पौडेलले सबै पर्वतीय मुलुकको भावनाको प्रतिनिधित्व गर्दै 'हिमालको सुरक्षा भनेको पृथ्वीको सुरक्षा हो' भन्ने कुरालाई हरेक फोरममा उठाएको विषय प्रभावकारी भएको महसुस गरिएको उहाँको भनाइ छ ।

अजरबैजानमा रहँदा राष्ट्रपति पौडेलले यही कात्तिक २७ गते 'वर्ल्ड लिडर्स क्लाइमेट एक्सन समिट'को उद्घाटन समारोहमा सहभागी भई नेपाली प्रतिनिधिमण्डलको नेताको हैसियतले सम्बोधन गर्नुभएको थियो । सम्बोधनका क्रममा राष्ट्रपति पौडेलले कार्बन उत्सर्जनमा नेपालको नगण्य योगदान भए पनि जलवायु परिवर्तनका कारण सेता हिमाल काला पहाडमा परिणत भएको र नेपाल जलवायुजन्य विपत्को चपेटामा परेको विषयमा अन्तर ाष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभयो ।

त्यसअवसरमा राष्ट्रपति पौडेलले नेपालले वनको क्षेत्रफल र स्वच्छ ऊर्जाको उत्पादन तथा आपूर्ति बढाएको एवं अन्य थुप्रै कार्यद्वारा विश्व समुदायको हित र पृथ्वीको रक्षामा योगदान पुऱ्याएको उल्लेख गर्नुभयो । नेपालजस्ता जोखिममा रहेका देशको जलवायु परिवर्तनका लागि मुख्य जिम्मेवार विकसित देशले पर्याप्त जलवायु वित्त, प्रविधि र क्षमता विकाससम्बन्धी सहयोग उपलब्ध गराउनुपर्ने विषयमा पनि राष्ट्रपति पौडेलले जोड दिनुभयो ।

सोही दिन राष्ट्रपति पौडेल र माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइजुबीच भेटवार्ता भयो । उक्त भेटमा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउने र क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा आपसी हितका आधारमा जलवायु परिवर्तनलगायत मुद्दाहरूमा सहकार्य गर्नेबारेमा विचारविमर्श भएको प्रवक्ता राईले जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले कात्तिक २८ गते वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको 'माउन्टेन एण्ड प्रिलः लस एण्ड ड्यामेज इन द हिमालय' शीर्षकको एक उच्चस्तरीय कार्यक्रममा सहभागी भई निष्कर्ष वक्तव्य दिनुभएको थियो । वक्तव्यमा विस्फोट र बाढीजस्ता वातावरणीय विपत्ले जनधनको ठूलो विनाश गरिरहेको उल्लेख गर्दै जलवायु वित्त परिचालन गर्दा नेपालजस्ता देशहरुले प्राथमिकता पाउनुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले सोही दिन कीर्गिजस्तानले आयोजना गरेको उच्चस्तरीय बैठकमा पहाडी मुलुक जलवायु परिवर्तनबाट बढी प्रताडित बनेको तथा पहाडबाट व्यापक बसाइँसराइ भइरहेको सन्दर्भमा गरिबी निवारण र वातावरणीय विषयलाई सँगै समाधानका लागि पहल गर्नुपर्ने बताउनुभएको थियो । उहाँले जलवायु न्याय र दिगो विकासका लागि हिमाल, मानव र जलवायु अन्तरसम्बन्धलाई विश्वव्यापी छलफलमा मूलप्रवाहीकरण गर्नुपर्ने सुझाव दिनुभयो ।

भ्रमणका क्रममा राष्ट्रपति पौडेल संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अल्पविकसित राष्ट्रका प्रतिनिधिमण्डलका प्रमुखहरूसँग गर्नुभएको भेटघाटमा सहभागी हुनुभयो । उक्त भेटमा राष्ट्रपतिले जलवायु परिवर्तनको प्रभावतर्फ कार्बन उत्सर्जन गर्ने विकसित मुलुक पर्याप्त गम्भीर नभएकामा चिन्ता व्यक्त गर्दै उनीहरूलाई यसमा अझ जिम्मेवार र गम्भीर बनाउन राष्ट्र सङ्घले भूमिका निर्वाह गरोस् भन्ने आग्रह गर्नुभयो ।

राष्ट्रपति पौडेलले जलवायु सङ्कटको सामना गर्न अल्पविकसित देशलाई ऋण नभई अनुदान उपलब्ध गराउनुपर्ने र यसका लागि राष्ट्र सङ्घबाटयथेष्टपहलकदमीकोअपेक्षा गर्नुभयो । उहाँले अल्पविकसित तथा विकासोन्मुख देशको मुद्दालाई राष्ट्रसङ्घले प्राथमिकता दिएकामा महासचिव गुटेरेसलाई धन्यवाद दिँदै भेटका क्रममा जलवायु परिवर्तनमा अल्पविकसित देश कारक नभए पनि उनीहरुले यसको दण्ड भोग्नुपर्ने विडम्बनापूर्ण अवस्था सिर्जना भएकाले विकसित मुलुक अझ बढी जिम्मेवार हुनुपर्ने विषय उठाउनुभएको प्रवक्ता राईले जानकारी दिनुभयो । सम्मेलनमा राष्ट्रपति पौडेलले जलवायु वित्त र त्यसमा पनि क्षतिपूर्तिको विषयलाई जोड दिँदै जलवायुजन्य प्रकोपहरूले नेपालमा ठूलो धनजनको नोक्सानी गरिरहेको र विश्वव्यापी तापक्रम वृद्धिले हिमाल खतरामा परेको बताउनुभयो । उहाँले हिमाल खतरामा पर्दा मानव सभ्यता नै खतरामा पर्ने विषयमा अन्तर ाष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभएको थियो ।

राष्ट्रपति पौडेलले जलवायु न्यायका लागि विकसित देशले विकासशील देशलाई पर्याप्त आर्थिक स्रोत, प्रविधि तथा अन्य सहायता उपलब्ध गराउनुपर्ने विषयलाई जोड दिँदै कोप-२९ मा यी विषयमा ठोस प्रगतिका लागि आह्वान गर्नुभयो ।

राष्ट्रपति पौडेलले यही कात्तिक २९ गते अजरबैजानका राष्ट्रपति इल्हाम अलिएभसँगको भेटमा सफलतापूर्वक कोप-२९ सम्मेलन आयोजना गरेकामा धन्यवाद ज्ञापन गर्नुभयो । सो अवसरमा उहाँहरुबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्ने विषयमा पनि विचारविमर्श भएको थियो ।

आगामी मङ्सिर ७ गते सम्म चल्ने उक्त सम्मेलनमा जलवायु परिवर्तनसम्बन्धी विषयगत क्षेत्रमा हुने वार्ता, छलफल र पारित हुने दस्तावेजमा नेपालको राष्ट्रिय हितलाई प्रत्याभूत गर्न वन तथा वातावरण मन्त्रालयको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको सक्रिय सहभागिता रहनेसमेत प्रवक्ता राईले जानकारी दिनुभयो ।राष्ट्रपति पौडेल अजरबैजानको बाकु पुग्दा त्यहाँको विमानस्थलमा अजरबैजानका न्यायमन्त्री फारिद अहमादोभलगायतका उच्च अधिकारीले स्वागत गर्नुभएको थियो । राष्ट्रपति पौडेल अजरबैजानका राष्ट्रपतिको निमन्त्रणामा कोप-२९ सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।रासस

# उपनिर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न हुन्छः गृहमन्त्री लेखक



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले आसन्न स्थानीय तह उपनिर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न हुने बताउनुभएको छ । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा उपनिर्वाचनका लागि सरकारले सुरक्षाका आवश्यक प्रबन्ध मिलाइसकेको स्पष्ट पार्नुभयो ।

गृहमन्त्री लेखकले निर्वाचन नजिकिएको समयमा स्थानीय तहको प्रमुख कार्यकारी सरुवा गरिएका विषयमा आफूले समान्य प्रशासनमन्त्रीसँग जानकारी लिएको स्पष्ट पार्नुभयो ।

सांसद गगनकुमार थापाले निर्वाचन प्रभावित पार्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी सरुवा गरिएको आशङ्कासहित गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो । गृहमन्त्रीले निर्वाचनको निष्पक्षता, स्वतन्त्रालाई सुनिश्चित गर्नेगरी सामान्य प्रशासनमन्त्रीसँग पुनः छलफल गर्ने बताउनुभयो । निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगसँग पनि समन्वय भइरहेको जानकारी दिँदै उहाँले निष्पक्ष र स्वतन्त्र ढङ्गबाट निर्वाचन सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

"यसका लागि सुरक्षाका आवश्यक प्रबन्ध मिलाइएको छ । उपनिर्वाचन केन्द्रीय सुरक्षा समितिको बैठक बसेर सबै सुरक्षा निकायलाई सुरक्षाको उचित प्रबन्ध गर्न आवश्यक निर्देशन दिइसकेको अवस्था छ", गृहमन्त्री लेखकले भन्नुभयो ।

आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ । उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ ।रासस

# सिंहदरबारमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक



काठमाण्डु । मुलुकको समग्र आर्थिक परिसूचकको अवस्था, विद्यमान आयोजनाको प्रगति, समस्या र समाधानका उपायबारे छलफल गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको ५३औँ बैठक सिंहदरबारमा सुरु भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जारी बैठकमा राष्ट्रिय गौरवका आयोजना र आयोजनाका विद्यमान समस्या तथा तिनका कारण र समाधानका उपायबारे छलफल गर्न विभिन्न १५ कार्यसूची राखिएका छन् । ती कार्यसूचीमा शासकीय सुधार, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा वन क्षेत्रको उपयोग, आयोजना बैंक, सार्वजनिक खरिद प्रयोजनका लागि जिल्ला दररेट, बालसुधार गृह सञ्चालन तथा सडक बालबालिका मुक्त अभियान, सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी भवन, समपूरक अनुदान, सोह्रौँ आयोजनाको कार्यान्वयन योजना, आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापन, विद्युत् महसुल सङ्कलन विनियमावली, अनिवार्य तथा निःशुल्क शिक्षा, सार्वजनिक सेवामा इन्टर्नसिप, विपद् उत्थानशील पूर्वाधार निर्माण, विपद् पछिको पुनःनिर्माण तथा पुनःस्थापना रहेका छन् ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले समष्टीगत आर्थिक परिसूचकको अवस्था र प्रवृत्ति, सरकारको सार्वजनिक वित्त परिचालनको अवस्था, सङ्घीयतापछि चालु आर्थिक वर्षसम्मको आर्थिक सामाजिक प्रगति स्थिति, प्रदेशहरुको समष्टीगत आर्थिक अवस्था, चालु आर्थिक वर्षको प्रगति स्थिति, यसअघिका पछिल्ला तीन विकास समस्या समाधान समितिका बैठकका निर्णयको कार्यान्वयन स्थितिलगायत विषयमा प्रस्तुतीकरण गर्नुभएको छ ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, मन्त्रीगण, प्रदेश सरकारका मुख्यमन्त्रीहरु, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, सरकारका मुख्यसचिव, प्रधानसेनापति, सङ्घ र प्रदेश सरकारका सचिवहरुलगायत सहभागी हुनुहुन्छ ।रासस

# इमान्दारितापूर्वक आत्मसमीक्षा गर्दै अगाडि बढौँः अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले इमान्दारितापूर्व आत्मसमीक्षा गर्दै समान विचार भएकाबीच साझा मतका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले भन्नुभयो, "इतिहासले जसलाई मिल्न भनेको छ, मिल्नुपर्छ, इतिहास र लोकतन्त्रले जोसँग मिल्न हुँदैन भनेको छ, तिनीहरूसँग मिल्न हुँदैन ।"



नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनका पूर्वकेन्द्रीय संयोजक अखिलेश्वरलाल दासको दोस्रो स्मृति दिवस तथा उहाँको स्मृतिमा प्रकाशित 'स्मृतिमा अखिल सर' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफू जनताको बीचमा निरन्तर जान पाउँदा सहज महसुस गरेको उल्लेख गर्नुभयो । ठूलो सङ्घर्षबाट ल्याएको व्यवस्थाको आफूलाई चिन्ता लागेको उहाँको भनाइ थियो ।

विचार, राजनीति, लोकतन्त्रबारे विगतमा हुने गरेको बहस तथा प्रभाव उच्चस्तरको रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले पछिल्ला दिनमा व्यक्तिगत स्वार्थ, पद प्रतिष्ठा, स्वार्थ प्रेरित हुँदै गरेको आभास भएको बताउनुभयो । देशको राजनीतिक र जनताको अवस्थाको चित्रण गर्दा आक्रोश, आवेग, पलायनजस्ता प्रवृत्ति हाबी भएको तथा देश र जनताका लागि कतिबेला केकति आवश्यकता हो भन्नेबारेमा पनि मिलेर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

वामपन्थ र लोकतन्त्रको मान्यतालाई समायोजित गरेर देशलाई अगाडि बढाउने उद्देश्यका साथ संविधान जारी भएको स्मरण गर्नुभयो ।

जनतामा फैलिएको अराजकतामा टेकेर देशलाई प्रतिगमनतर्फ लैजाने कोसिस सफल नहोस् भन्नेतर्फ पनि उत्तिकै सचेत हुनुपर्ने उहाँको भनाइ छ । पार्टीको केन्द्रीय सल्लाहकार र प्राध्यापक सङ्घको अध्यक्षका रूपमा हेर्दा 'अखिल सर' निष्ठावान कार्यकर्ताका रूपमा चिनेको स्मरण गर्नुभयो ।

कार्यक्रममा नेकपा (माओवादीकेन्द्र)काउपमहासचिव गिरिराजमणि पोखरेल, राजनीतिक विश्लेषक पुरञ्जन आचार्यलगायतलेअखिलेश्वरलाल दासको बौद्धिक व्यक्तित्वका बारेमा प्रकाश पार्नुभएको थियो ।रासस

# "बङ्गलादेश विद्युत् निर्यात नेपालका लागि ऐतिहासिक उपलब्धि"

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालबाट बङ्गलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि भएको बताउनुभएको छ । नेपालमा उत्पादित विद्युत् आजदेखि बङ्गलादेश निर्यात शुभारम्भ कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो, "दक्षिण एसियामा दिगो ऊर्जा भविष्यका लागि आजको दिन ऐतिहासिक हो ।"

उहाँले नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपीसी विद्युत् व्यापार निगम लिमिटेडबीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा भएको हस्ताक्षरले यस उपलब्धिको लागि मार्ग प्रशस्त गरेको उल्लेख गर्नुभयो ।

बङ्गलादेशमा विद्युत् निर्यातमा सहजीकरण गर्ने भारत सरकार र विद्युत् आयत गर्ने बङ्गलादेश सरकारलाई उहाँले धन्यवाद दिनुभयो । उक्त निर्यातले ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र वातावरणीय दिगोपनलाई सहयोग पुगको उहाँको भनाइ थियो । ऊर्जामन्त्री खड्काले सम्झौता र निर्यातले दुई देशबीचको आर्थिक विकासलाई सहयोग पुग्नुका साथै एकताबद्ध हुन सहयोग पुग्ने बताउनुभयो ।

नेपाल-भारत र बङ्गलादेशबीच गत असोज १७ (अक्टोबर ३)का दिन त्रिपक्षीय सम्झौता भइ भारतको केन्द्रीय विद्युत् प्राधिकरणले भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश विद्युत् निर्यातको अनुमति दिएको थियो । आजदेखि ४० मेगावाट बिजुली बङ्गलादेश निर्यात सुरु गरिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बङ्गलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार मोहमद फजुल कबिर खानले भर्चुअल माध्यमबाट बङ्गलादेश विद्युत् निर्यातको स्वीच अन गरेर औपचारिक शुभारम्भ गर्नुभएको हो ।

कार्यक्रममा भारतका विद्युतमन्त्री खट्टरले भारतको प्रसारण लाईन प्रयोग गरेर दक्षिण एशियाली मुलुकमा विद्युत् विस्तार गर्ने काम सराहनीय भएको बताउनुभयो । उहाँले नेपालका विभिन्न जलविद्युत् परियोजनामा भारतले लगानी गरेको बताउँदै उक्त परियोजना सम्पन्नताले विद्युत् विस्तारमा थप सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो ।मन्त्री खट्टरले नेपालको विद्युत् उत्पादन विकासमा भारत सरकार सहयोग गर्न तयार रहेको बताउनुभयो । हरित ऊर्जाको दीगो विकासका लागि यस्ता सम्झौताले सहयोग पुग्ने उहाँको भनाइ थियो ।

बङ्गलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार खानले क्षेत्रीय ऊर्जा समन्वयका लागि यस्ता सम्झौताले ठूलो सहयोग पुगेको बताउनुभयो । रासस

# श्रीलङ्कामा वाम गठबन्धनको शानदार जित

एएफपी

कोलम्बो । श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेको वाम गठबन्धनले मध्यावधि विधानसभा चुनावमा शानदार जित हासिल गरेको छ ।

मार्क्सवादी दिसानायकेले



भ्रष्टाचारविरुद्ध लड्ने र चोरी भएको सम्पत्ति फिर्ता गर्ने वाचाका साथ सेप्टेम्बरमा भएको राष्ट्रपतीय चुनावमा विजय हासिल गर्नुभएको थियो । तत्काल चुनाव गराउने र आफ्नो एजेन्डाका लागि संसदीय समर्थन सुरक्षित गर्ने उहाँको निर्णयलाई समर्थन मिलेको छ । दिसानायकेको नेशनल पिपुल्स पावर (एनपीपी) गठबन्धनले २२५ सदस्यीय विधानसभामा कम्तिमा १२३ सिट जितिसकेको छ भने मतगणना भइरहेका अन्य केही स्थानमा पनि अग्रता कायम भएको छ ।

समाचार तयार पार्दासम्म गणना भएका तीन चौथाइभन्दा बढी मतमध्ये गठबन्धनले ६२ प्रतिशत मत प्राप्त गरेको छ भने विपक्षी नेता सजिथ प्रेमदासाको पार्टी १८ प्रतिशत मतका साथ निकै पछि परेको छ ।"जनताले भ्रष्टाचार र भ्रष्ट प्रणालीबाट छुटकारा पाउनका लागि मतदान गरेका छन्," चुनावमा एनपीपीलाई समर्थन गर्ने सूचना प्रविधिका व्यवसायी चानाका राजपाक्षले शुक्रबार एएफपीलाई बताउनुभयो ।

अल्पसङ्ख्यक तमिल समुदायको बाहुल्य रहेको उत्तरी जिल्ला जाफनामा उहाँको पार्टीले सबैभन्दा बढी मत प्राप्त गरेको छ ।एक मजदुर परिवारमा जन्मिएका ५५ वर्षीय राष्ट्रपति दिसानायकेले बिहीबारको चुनावमा मतदान गरेपछि संसद्मा 'सशक्त बहुमत' साथ आफ्नो गठबन्धनलाई अगाडि बढाउने अपेक्षा गरेको बताउनुभएको थियो । उहाँले भन्नुभयो, "हामीलाई विश्वास छ, यो एक महत्वपूर्ण चुनाव हो जसले श्रीलङ्कामा एउटा परिवर्तनको सङ्केत गर्नेछ । यो चुनावमा एनपीपीले संसद्मा बलियो बहुमतका लागि जनादेश पाउने हाम्रो विश्वास छ।"

प्रहरीका अनुसार, हालका वर्षहरूमा अधिकांश मतदानको विपरित नौ घण्टाको मतदान अवधि कुनै हिंसात्मक घटना बिना बितेको छ । तर ड्युटीमा रहेका बेला एक प्रहरी हवल्दारसहित तीन जना निर्वाचन कार्यकर्ताको रोगका कारण मृत्यु भएको थियो ।

# अमेरिकी नेतृत्व परिवर्तनसँगै विश्वका प्रमुख दुई प्रमुख अर्थतन्त्रका राष्ट्रपतिबीच हुने भेटवार्ता र यसको महत्व

काठमाण्डु । एशिया-प्रशान्त क्षेत्रका नेताहरूको शिखर सम्मेलन शुक्रबारदेखि लिमामा शुरू भएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ समकक्षी सी चिनफिङले अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पको चुनावी विजयका कारण उत्पन्न कूटनीतिक अनिश्चितताबीच लिमामा शनिबार प्रत्यक्ष भेटवार्ता गर्नुहुनेछ ।

एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) समूहको दुई दिने राष्ट्रप्रमुखस्तरीय बैठकका लागि सी र बाइडेन विश्वका अन्य नेताका साथ बिहीबार लिमा आइपुगेका हुन् ।

संयुक्त रूपमा विश्वको कुल गार्हस्थ्य उत्पादनको ६० प्रतिशत र विश्वव्यापी वाणिज्यको ४० प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्ने र क्षेत्रीय व्यापार उदारीकरणको लक्ष्यका साथ सन् १९८९ मा स्थापना भएको एपेकले २१ वटा अर्थतन्त्रलाई गोलवन्द गरेको छ । समर्थकहरूले समावेशी विकास को संज्ञा दिएका शिखर सम्मेलनको कार्यक्रम व्यापार र लगानीमा केन्द्रित हुनेछ ।

पेरुले लिमामा शान्ति कायम गर्न सशस्त्र बलका १३ हजारभन्दा बढी सदस्यहरू तैनाथ गरेको छ किनकि यही समय पारी यातायात मजदुर र व्यवसायीहरूले अपराध र कथित सरकारी उपेक्षाको विरोधमा तीन दिनको विरोध प्रदर्शन सुरु गरेका छन् ।

अमेरिकी राष्ट्रपति बाइडेन र उहाँका चिनियाँ समकक्षी सीबीचको शनिबार हुन लागेको वार्ता जनवरीमा ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा सपथ लिनुअघि विश्वका सबैभन्दा ठूला अर्थतन्त्रका शीर्ष नेताहरूबीच हुने



सम्भवतः अन्तिम भेट हुने अमेरिकी अधिकारीले बताएका छन् ।

रिपब्लिकन पार्टीका नवनिर्वाचित राष्ट्रपतिले आफ्नो दोस्रो कार्यकालका लागि बेइजिङसँग टकरावको दृष्टिकोण अपनाउने सङ्केत गरेकाले द्विपक्षीय बैठकलाई विशेष महत्तवका साथ नियालिएको छ ।

अजरबैजानमा जारी कोप-२९ जलवायु वार्ता र अर्को साता रियो दि जेनेरियोमा हुने जी-२० शिखर सम्मेलनका लागि जस्तै ट्रम्पको आगामी कदमबारे देखिएको अनिश्चितताले एजेन्डालाई ओझेलमा पारेको छ ।बिहीबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलगायत एपेकका मन्त्रीहरूले लिमामा बन्द कोठामा बैठक गरेका थिए ।

ट्रम्पले यसै साता ब्लिन्केनको स्थानमा सिनेटर मार्को रुबियोलाई नियुक्त गर्ने घोषणा गरिसक्नुभएको छ । उहाँ चीनप्रति कडा धारणा राख्ने अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पका विश्वासपात्र हुनुहुन्छ ।सम्मेलनमा जापान, दक्षिण कोरिया, क्यानडा, अष्ट्रेलिया, इन्डोनेसियालगायतको सहभागिता रहने छ ।एपेक सदस्य राष्ट्र रुसका राष्ट्रपति भ्लादिमिर पुटिन भने सम्मेलनमा उपस्थित हुनुहुने छैन ।अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको 'अमेरिका पहिले' भन्ने एजेन्डा संरक्षणवादी व्यापार नीतिहरू, घरेलु जीवाश्म ईन्धन निकासीमा वृद्धि, र विदेशी सङ्घर्षबाट बच्नमा आधारित छ ।

यसले युक्रेन र मध्यपूर्वमा भएको युद्धदेखि जलवायु परिवर्तन र व्यापारसम्मका विषयमा बाइडेनले बनाएको गठबन्धनलाई खतरामा पारेको छ ।

नवनिर्वाचित रिपब्लिकन राष्ट्रपति ट्रम्पले द्विपक्षीय व्यापारमा असन्तुलनलाई कम गर्न चिनियाँ सामानको आयातमा ६० प्रतिशतसम्म कर लगाउने चेतावनी दिनुभएको छ ।

चीन लामो समयदेखिको घरजग्गा कारोबार सङ्कट र सुस्त उपभोगसँग जुधिरहेको छ । यसलाई वासिङ्टनसँगको नयाँ व्यापार युद्धले मात्र खराब बनाउन सक्छ ।

अर्थशास्त्रीहरूले दण्डात्मक करले अमेरिकी अर्थतन्त्रलाई पनि हानि पुऱ्याउने बताएका छन् ।चीन पश्चिमा मुलुक रुस र उत्तर कोरियाको सहयोगी हो र ताइवानमाथि दबाब बढाउँदै आफ्नो सैन्य क्षमता बढाइरहेको छायसले आफ्नो बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तर्गत पूर्वाधार र अन्य परियोजनाहरूमार्फत ल्याटिन अमेरिकामा आफ्नो पहुँच विस्तार गरिरहेको छ।

चिनियाँ राष्ट्रपति सि चिनफिङले बिहीबार लिमाको उत्तरमा पर्ने चान्केमा दक्षिण अमेरिकाको पहिलो चिनियाँ लगानीमा सञ्चालित बन्दरगाहको उद्घाटन गर्नुभएको छ भने यसै सन्दर्भमा अमेरिकी अधिकारीले ल्याटिन अमेरिकी देशहरूलाई चिनियाँ लगानीको मामिलामा सतर्क रहन चेतावनी दिएका छन् ।यसैबीच बाइडेनले शुक्रबार जापानका प्रधानमन्त्री शिगेरु इशिबा र दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलसँग पनि भेटवार्ता गर्नुहुनेछ ।

बाइडेनसँगको भ्रमणमा रहेका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले साझेदार राष्ट्रहरूले आफ्नो गठबन्धन ' अमेरिकी नीतिको स्थायी विशेषता' हुने सुनिश्चित गर्न सचिवालय गठनको घोषणा गर्ने बताउनुभएको छ ।

ट्रम्पको आर्थिक वृद्धि गर्ने नीतिको तारो बन्ने चीन एक्लो देश भने होइन ।आगामी अमेरिकी राष्ट्रपति ट्रम्पले यदि मेक्सिकोले सीमा पार गर्ने 'अपराधी र लागूपदार्थको आक्रमण' रोकेन भने त्यहाँबाट आउने सामानमा २५ प्रतिशत वा सोभन्दा बढी कर लगाउने पनि चेतावनी दिनुभएको छ ।

# जापानको आर्थिक वृद्धिदर सुस्त, प्रधानमन्त्री इशिबाद्वारा प्रोत्साहनको तयारी

एएफपी

टोकियो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाले विश्वको चौथो ठूलो अर्थतन्त्रका रुपमा जापानले फड्को मार्ने प्रयास गरिरहेको बताइरहँदा तेस्रो त्रैमासिकमा मुलुकको आर्थिक वृद्धिदर सुस्त भएको सरकारी तथ्याङ्कले देखाएको छ ।

जापानमा दशकौँ यताकै सबैभन्दा भीषण आँधी र 'महाभूकम्प' को सरकारी चेतावनीले यस गर्मीयाममा औद्योगिक उत्पादन र अन्य आर्थिक गतिविधिमा असर पारेको छ ।

मन्त्रीपरिषद्को कार्यालयको प्रारम्भिक अध्ययनले जुलाई र सेप्टेम्बरको बीचमा देशको वृद्धि दर ०.२ प्रतिशतले बढेको र यसले कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा वृद्धि गर्ने जापानको लक्ष्यलाई सम्बोधन गर्न नसक्ने देखिएको छ ।

तथ्याङ्कले बजारको अपेक्षा पूरा गरेको भएपनि अघिल्लो तीन महिनामा संशोधित ०.५ प्रतिशतको वृद्धिबाट सुस्ततालाई चिह्नित गरेको छाअघिल्लो



वर्षको सोही अवधिको तुलनामा जीडीपी ०.९ प्रतिशतले वृद्धि भएको छ, जुन अप्रिल-जुनमा संशोधित २.२ प्रतिशतको तुलनामा निकै कम हो ।मुख्य क्याबिनेट सचिव योशिमासा हयाशीले दशकौंसम्म स्थिरता र हानिकारक अपस्फीतिको चपेटामा परेको अर्थतन्त्रको 'क्रमिक पुनरुत्थान' को अपेक्षा सरकारले गरेको बताएका छन् ।

उहाँले पत्रकारसँगको नियमित भेटमा भन्नुभयो, "हाम्रो देश एक महत्वपूर्ण दोबाटोमा छ किनकि यो ज्याला वृद्धि र लगानीद्वारा सञ्चालित वृद्धिमा आधारित अर्थव्यवस्थामा सङ्क्रमण गर्न लागेको छाउहाँले भन्नुभयो, "यसलाई साकार पार्न हामी सबै सम्भावित आर्थिक र वित्तीय नीतिहरू लागू गर्नेछौं, जसमा हाल विचाराधीन प्याकेज पनि समावेश छ।

गत महिना सत्तारुढ गठबन्धनलाई १५ वर्षयताकै सबैभन्दा खराब परिणाम दिएको आम निर्वाचनमा नेतृत्व गरे पनि इशिबाले सोमबार संसदीय मतदानमा विश्वासको मत प्राप्त गर्न सफल हुनुभएको छ । सरकारले सन् २०३० सम्ममा १० ट्रिलियन येन (६४ अर्ब अमेरिकी डलर) भन्दा बढी को साथ एआई र सेमीकन्डक्टर क्षेत्रलाई समर्थन गर्ने योजना सार्वजनिक गरेका छन्। उहाँले यसै महिना नयाँ प्रोत्साहन प्याकेजका लागि पूरक बजेटको मस्यौदा पारित गर्न विपक्षी दलहरूलाई पनि आग्रह गर्नुभएको छ । यसमा कम आय भएका परिवार र परिवारका सदस्यका लागि नगद हस्तान्तरणसमेतको योजना समावेश गरिएको छाआन्तरिक परीक्षण स्क्यान्डलसँग सम्बन्धित व्यवधानपछि उत्पादन पुनः सुरु भएपछि कारहरूमा उच्च खर्चले त्रैमासिक अवधिमा उत्पादन बढाउन मद्दत पुर्याएको विश्लेषकहरूले बताएका छन्।

तलब वृद्धि र अस्थायी आयकर कटौती पनि सकारात्मक कारक मानिएका छन् । यो बर्ष आएको ७.१ म्याग्नीच्यूडको भुकम्पीय झट्कापछि जारी गरिएको 'महाभूकम्प' चेतावनी र शानशान नाम दिइएको चक्रवात (आँधी) ले आर्थिक वृद्धिलाई सुस्त बनाएको छ । अगस्तको अन्त्यमा शानशानको अवतरणपछि औदोगिक उत्पादनमा पनि असर परेको थियो, जसले गर्दा जापानलाई रेल र उडान सेवाहरू रद्द गर्न बाध्य पारेको थियो ।

सोही महिनाको सुरुमा मौसम एजेन्सीले पहिलो पटक नयाँ चेतावनी प्रणालीअन्तर्गत जारी गरेको महाभूकम्प चेतावनीले 'पर्यटनको मागमा कमी आएको' बताएको थियो।यसले उपभोक्ताहरूलाई आपतकालीन आपूर्तिको स्टक गर्न उत्प्रेरित गरेकने थियो, जसले सुपरमार्केटहरूमा चामलको अभाव निम्त्याएको थियो । हजारौंले सप्ताहव्यापी परामर्शको समयमा बिदाहरू रद्द गरे।

तेस्रो त्रैमासिकमा अर्थतन्त्रले गति गुमाएको छ र हामीलाई लाग्छ कि आगामी त्रैमासिकमा जीडीपी वृद्धि लक्ष्यको वरिपरि रहनेछ," क्यापिटल इकोनोमिक्सका एशिया-प्यासिफिक प्रमुख मार्सेल थिलियान्टले शुक्रबार भन्नुभएको छ ।

"यद्यापि, बैंक अफ जापान 'उपभोक्ता खर्चको शक्तिबाट प्रोत्साहित हुनेछ र अर्को महिना हुने बैङ्कको बैठकमा दर वृद्धिको साथ अगाडि बढ्ने अपेक्षा अझैपनि गर्न सकिन्छ," उहाँले भन्नुभयो ।

# दक्षिण कोरियाली विपक्षी नेता ली निलम्बित

एएफपी

सियोल । दक्षिण कोरियाली अदालतले देशको विपक्षी नेतालाई चुनावी कानुन उल्लङ्घन गरेको आरोपमा शुक्रबार राजनीतिबाट निलम्बित गरी जेल सजाय सुनाएको छ। यो फैसलाले अर्को राष्ट्रपति निर्वाचनमा भाग लिनबाट उहाँलाई रोक्न सक्छ ।

सियोल केन्द्रीय जिल्ला अदालतले मुख्य विपक्षी डेमोक्र्याटिक पार्टीका नेता ली जे-म्युङलाई सार्वजनिक आधिकारिक निर्वाचन ऐनको उल्लङ्घन गर्दै झुटो बयान दिएकोमा दोषी ठहर गरेको हो ।अदालतले उहाँलाई एक वर्षको जेल सजाय र दुई वर्षका लागि राजनीतिक प्रतिस्पर्धामा सहभागी हुनबाट निलम्बन गरेको अदालतको प्रवक्तालाई उदृत गर्दै एएफपीले जनाएको छ ।

यो मुद्दा सन् २०२२ को चुनावी अभियानमा लीले दिएको बयानसँग सम्बन्धित छ । फैसलापछि लीका आक्रोसित समर्थकहरू अदालत बाहिर भेला भई उहाँको पक्षमा नाराबाजी गरेका थिए । नेता लीले फसलालाई कोरियाली



इतिहासको कालो दिन मान्ने वाचा गर्दै फैसला स्वीकार गर्न निकै गाह्रो भएको बताउनुभएको छ । उहाँले भन्नुभयो "मलाई विश्वास छ कि हाम्रा जनताले सामान्य ज्ञान र न्यायको भावना प्रयोग गरेर आफ्नै निष्कर्षमा पुग्न सक्छन ।"

सन् २०२७ मा हुने दक्षिण कोरियाको आगामी राष्ट्रपति चुनावमा लीलाई प्रमुख दावेदारका रूपमा हेरिएको छ । यद्यपि लीले धेरै कानुनी मुद्दाहरूको सामना गर्नुपरेको छ ।लीले सन् २०२१ डिसेम्बरमा विवादास्पद विकास परियोजनाका प्रमुख व्यक्तित्व किम मुन-कीलाई नचिनेको भनी झूटो बयान दिनुभएको थियो । किम केही दिन अघि मृत फेला पर्नुभएको थियो तर उहाँको मृत्युको बारेमा प्रहरीले प्रमाण फेला नपारेको जनाएको छ । अभियोजकहरूले लीलाई दुई वर्षको जेल सजायको माग गरेका थिए ।

सन् २०२१ मा संसदीय सुनुवाइका क्रममा भूमि, पूर्वाधार र यातायात मन्त्रालयले स्थानीय अधिकारीहरूलाई अर्को विवादास्पद विकास परियोजनाका लागि 'दबाब' दिएको भन्दै झूट बोलेको आरोप पनि ली माथि लगाइएको छ ।फैसला कार्यन्वयन भयो भने, दक्षिण कोरियाली कानूनले लीको संसदीय सीट खारेज गरी अर्को पाँच वर्षसम्म सार्वजनिक पदका लागि प्रतिबन्ध लगाउनेछ । प्रतिवन्धले सन् २०२७ को राष्ट्रपतीय निर्वाचनमा उहाँलाई उम्मेदवार बन्नबाट रोक लगाउनेछ ।

# स्पेनको वृद्धाश्रममा आगलागी हुँदा कम्तीमा १० जनाको मृत्यु

एएफपी

म्याड्रिड ।स्पेनको उत्तरपूर्वी शहर भिल्लाफ्रान्का डी इब्रोको एक वृद्धाश्रममा बिहिबार राति आगलागी हुँदा कम्तीमा १० जनाको मृत्यु भएको छ ।

स्पेनी सञ्चारमाध्यमका अनुसार स्थानीय समयअनुसार बिहान ५ :०० बजे आगलागी हुँदा त्यहाँ ८२ जना रहेका थिए । आगलागीको कारण समाचार तयार पार्दासम्म थाहा हुन सकेको छैन ।वृद्धाश्रमले 'एक्स'मा एक विज्ञप्ति जारी गर्दै आगलागी र केही व्यक्तिको मृत्युको पुष्टि गरेको छ तर उक्त पोस्टमा थप विवरण उपलब्ध गराइएको छैन।

शहरका मेयर भोल्गा रामिरेज गामिजले



पत्रकारहरूलाई बताएअनुसार एउटा कोठामा आगलागी भएको तर आगलागीका कारण पूरै निवासभरि धुवाँ फैलिएको थियो।"भाग्यवश, त्यो कोठामा सुरक्षा ढोका रहेछ र यसका कारण आगो अन्यत्र फैलिनबाट रोकियो, उहाँले भन्नुभयो । अरागोन क्षेत्रका लागि केन्द्रीय सरकारका प्रतिनिधि फर्नान्डो बेल्ट्रानले मृत्युको कारणबारे अनुसन्धान भइरहेको बताउनुभयो । धेरै वृद्धवृद्धाको धुवाँले निस्सासिएर मृत्यु भएको हुन सक्ने उहाँले बताउनुभयो ।

अरागोन सरकारका प्रमुख जर्ज एज्कोनले आगलागी र यसबाट भएको क्षतिबाट आफू स्तब्ध भएको र शोकको सङ्केतका रूपमा सार्वजनिक कार्यक्रम स्थगित गरेको बताउनुभएको छ । जार्डिनेस डे भिल्लाफ्रान्का निवास सन् २००८ मा वृद्धहरूका लागि आवासका रूपमा खोलिएको थियो भने हालै यसलाई मानसिक स्वास्थ्य समस्या भएका वृद्धव्यक्तिहरूलाई राख्नेगरी सुविधाहरू थपिएको थियो ।

# पाकिस्तानमा आइएस बन्दुकधारीद्वारा एक राजनीतिज्ञको हत्या

एएफपी

पेशावर । इस्लामिक स्टेट (आइएस) समूहको क्षेत्रीय शाखाका बन्दुकधारीले उत्तरपश्चिम पाकिस्तानमा एक राजनीतिज्ञको हत्या गरेको प्रहरीले शुक्रबार बताएको छ ।

इस्लामिक स्टेट (आइएस) समूहले घटनामा आफ्नो सङ्गठनका लडाकूको संलग्नता रहेको दावी गरेको छ ।वरिष्ठ प्रहरी अधिकारी वकार रफिकले एएफपीसँग भन्नुभयो, 'जमात-ए-इस्लामी बाजौर' का नेता सुफी हमिद बिहीबार सूर्यास्तपछि नमाज पढेर मस्जिदबाट निस्कँदै गर्दा मोटरसाइकलमा आएका दुई जना नकाबधारी व्यक्तिले उहाँमाथि गोली चलाउनुभएको थियो ।अधिकारीका अनुसार आक्रमणकारीहरू अफगानिस्तानसँग




सीमा जोडिएको बाजौर जिल्लामा इस्लामिक राजनीतिज्ञलाई गोली हानेर भागेका थिए ।

इस्लामिक स्टेट खोरासान (आइएस-के) ले आफ्ना लडाकूले धर्मत्यागी राजनीतिक दलका एक अधिकारीलाई गोली हानेको जनाएको छ ।आइएस समूहको स्थानीय शाखाले धार्मिक राजनीतिक दलहरूले कडा धार्मिक प्रचारको विरुद्धमा गएको र देशको सरकार र सेनालाई समर्थन गरेको आरोप लगाएको छाआइएस-केले हालै बाजौरमा भएको एक प्रदर्शनमा भएको आत्मघाती बम विस्फोटमा २३ बालबालिकासहित कम्तीमा ५४ जनाको ज्यान जाने गरी भएको आत्मघाती बम विस्फोटसहित राजनीतिक दलविरुद्ध कैयौं आक्रमण गरेको छ ।

नाम नबताउने शर्तमा एक वरिष्ठ स्थानीय सुरक्षा अधिकारीले एएफपीसँग भन्नुभयो, "यो वर्ष मात्रै बाजौरमा लक्षित आक्रमण र बम विष्फोटमा कम्तीमा ३९ जनाको मृत्यु भएको छ ।"बाजौरको प्रभाव रहेको खैबर पख्तुनख्वा प्रान्त र दक्षिण पश्चिममा बलुचिस्तान प्रान्तमा सशस्त्र इस्लामवादी वा पृथकतावादी समूहहरूले नियमित रूपमा सुरक्षा बल र राज्यका प्रतिनिधिहरूलाई निशाना बनाइरहेका छन् ।

# प्याजका बिरुवा बेचेर डेढ लाख कमाइ

रामपुर । रामपुरका गोविन्दप्रसाद दुवाडीले एक मौसममा प्याजका बिरुवा बेचर रु एक लाख ५० हजा बढी आम्दानी गर्नुहुन्छ । विगत २८ वर्षदेखि व्यावसायिक रूपमा प्याजका बिरुवा उत्पादन गर्दै आउनुभएका उहाँ गाउँमा असल बिरुवा उत्पादक किसानका रूपमा चिनिनुहुन्छ ।रामपुर नगरपालिका-३ गण्डकीढिकस्थित कालीगण्डकी करिडोरको सडक छेउमा दुवाडीको घर छ। करिब एक रोपनी जग्गा प्याजका बिरुवा उत्पादन गर्न छुट्याएको उहाँले बताउनुभयो। लामो समयदेखि निरन्तर रूपमा नर्सरी तयार गरी प्याजका बिरुवा उत्पादन तथा बिक्री गर्दै आएको उहाँको भनाइ छ । उहाँका अनुसार बिरुवा बिक्री गरेर एक सिजनमा रु एक लाख ५० हजारबढी आम्दानी हुन्छ।



"बिरुवा उत्पादन गर्न धेरै समय नलाग्ने, कम लगानीमा मनग्ये आम्दानी लिन सकिन्छ", दुवाडीले भन्नुभयो, "स्थानीय तथा बाहिरबाट आउने व्यापारीले यहाँबाट बिरुवा खरिद गरी लैजानुहुन्छ।

" प्याज खरिद गर्न आउने ग्राहकले बन्दा, काउली, ब्रोकाउली, गोलभैँडालगायत बिरुवा खोज्ने भएकाले यी बिरुवा पनि उत्पादन थालेको उहाँले जानकारी दिनुभयो।

दुवाडीका अनुसार प्याज रु एकको तीनवटा, काउली रु पाँचको एउटा, हाइब्रिड बन्दा रु पाँचको एउटा, स्थानीय बन्दा रु पाँचको दुईवटा, ब्रोकाउली रु १० को एउटा बिक्री भइरहेको छ । "प्याजका बिरुवा उत्पादनलाई प्रमुख व्यवसाय बनाएको छु । यहाँ आउने ग्राहकको सजिलोका लागि अन्य तरकारीका बिरुवा पनि उमार्ने गरेको हुँ", उहाँले भन्नुभयो, "एकै ठाउँमा आफूलाई चाहिएको सबै जातका बिरुवा पाइने भएपछि ग्राहकलाई पनि सहज भएको छ।"आफूले रोप्न बिरुवा खरिद गर्दा रोजेर लैजान नदिएपछि अर्को वर्षदेखि आफैँले उत्पादन थालेको दुवाडीले बताउनुभयो । आधाकिलो प्याजको बिउबाट व्यवसाय सुरु गरेको भन्दै बिरुवा उत्पादन राम्रो हुँदै गएपछि क्षेत्रफल पनि बढाउँदै लगेको उहाँले उल्लेख गर्नुभयो।

यहाँ उत्पादित बिरुवा काठमाडौँ, पोखरा, नारायणगढ, तानसेन, बुटवल, स्याङ्जा, तनहुँ, नवलपरासीलगायत विभिन्न स्थानमा खपत हुने गरेको छ। यसवर्ष रु एक लाख ५० हजार बढीको आम्दानी हुने अनुमान गरिएको उहाँकी श्रीमती मतिकला दुवाडीले बताउनुभयो।

बिरुवा उखेल्ने र बिक्री गर्ने काममा श्रीमान्श्रीमती दिनभर खटेर काम गर्नुहुन्छ। यात्रुले गाडी रोकेर बिरुवा खरिद गर्नाले उहाँहरूलाई उखेलेर बेच्न भ्याइनभ्याइ हुने मतिकलाले बताउनुभयो । "यात्रुले हरियाली बिरुवा देखेपछि गाडी रोकेर लैजाने गर्नुहुन्छ।

हामीले तयारी बनाएर राखिदिने गरेका छौँ", उहाँले खुसी हुँदै भन्नुभयो।

रामपुर-६ स्थित प्याक्लुक बस्ने राधिका बस्यालले पनि करिब एक रोपनी जग्गामा नर्सरी तयार पारेर बिरुवा उत्पादन गर्नुहुन्छ। प्याज, काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा उत्पादन सँगसँगै हुने भएकाले एक सिजनमा रु एक लाखबढी आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो । तरकारी खेतीको तुलनामा छोटो समयमा बढी आम्दानी हुने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उहाँको अनुभव छ।

पछिल्लो समय घरायसी प्रयोजनका लागि घर-घरमा काउली, बन्दा, ब्रोकाउली, प्याज, गोलभैँडालगायत बिरुवा लगाउने चलन बढेकाले बजारीकरणको समस्या नभएको बस्यालले बताउनुभयो।

छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले पछिल्लो समय बिरुवा उत्पादनमा किसानको आकर्षण बढेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताउनुभयो । ठूलो परिमाणमा उत्पादन गर्ने किसानलाई शाखाबाट प्राविधिक तथा तालिमलगायतमा सहयोग गरिने उहाँको भनाइ छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार शुक्रबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३४ पैसा कायम भएको छ।



युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ६१ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ २४ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ३० र बिक्रीदर एक सय ७१ रुपैयाँ ०६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ३० पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ९७ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिद दर ८७ रुपैयाँ ०५ पैसा र बिक्रीदर ८७ रुपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९६ रुपैयाँ १४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ५७ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ०२ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ४७ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ६३ पैसा र बिक्रीदर आठ रुपैयाँ ६७ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६० पैसा र बिक्रीदर १८ रुपैयाँ ६८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३६ रुपैयाँ चार पैसा, कतार रियाल एकको खरिद दर ३६ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ८४ पैसा र बिक्रीदर तीन रुपैयाँ ८६ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६ड पैसा र बिक्रीदर ३६ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ०७ पैसा र बिक्रीदर ३० रुपैयाँ २१ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५८ पैसा र बिक्रीदर नौ रुपैयाँ ६२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ १९ पैसा र बिक्रीदर १२ रुपैयाँ २५ पैसा र डेनिस क्रोनर एकको खरिद दर १८ रुपैयाँ ९९ पैसा र बिक्रीदर १९ रुपैयाँ ०७ पैसा तोकिएको छ।

# छाला नपाउँदा मादल बनाउन समस्या



दमौली । तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडा बजारमा माइला मादल पसलका सञ्चालक दिलबहादुर सार्की मादलमा खरी हाल्दै हुनुहुन्थ्यो।

मादल बनाउने उहाँको दैनिकी नै हो। ६१ वर्षीय सार्कीले बाबुबाट सीप सिकेर यो पेसा सुरु गर्नुभएको हो । बच्चादेखि नै बुबालाई सघाउँदै जाँदा उहाँले मादल बनाउन सिक्नुभएको हो।

पुर्ख्यौली पेसालाई निरन्तरता दिन आफूले यो पेसालाई अवलम्बन गरेको सार्कीले बताउनुभयो। तर केही समययता मादल बनाउन छाला नपाउँदा उहाँलाई समस्या हुन थालेको छ। "बाबुकै कारणले म यो पेसामा पनि छु, मसँगै सीप सिकेर छोराले खैरेनीटारमा मादल पसल खोलेको छ", उहाँले भन्नुभयो, "अहिले छाला नपाउँदा मादल बनाउन समस्या हुन थालेको छ।"

नारायणगढ, कावासोती, पुट्टारलगायत ठाउँमा पुगेर छाला खोजेर ल्याउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिका-९ मा गौ संरक्षण केन्द्रमा मरेका गाइका छाला त्यत्तिकै फालिएका अवस्थामा रहेको र पैसा तिरेर छाला खरिद गर्न पाए सहज हुने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "स्थानीयस्तरमा छाला फालिएको छ । नगरपालिकासँग आग्रह गरेको छु। निश्चित शुल्क तिरेर यही छाला किन्न पाए सजिलो हुन्थ्यो।" उहाँले मादलसँगै सारङ्गी, खैजडी, झ्याली, दमाहा, ढोलकी, टेम्पोलगायत बाद्यवादनका सामग्री बनाउँदै आउनुभएको छ। त्यसका अलवा आरन पेसालाई पनि सँगसँगै अगाडि बढाएको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "म यो पेसाबाट सन्तुष्ट नै छु । तर विगतका वर्षजस्तो व्यापार छैन, निर्वाह भने चलेकै छ।" पछिल्लो समय आधुनिक वाद्यवादनका सामग्री प्रयोग बढी हुँदा मादल बिक्री कम हुन थालेको उहाँको भनाइ छ। यही पेसाबाटै घरखर्च चलिरहेको बताउँदै सार्कीले भन्नुभयो, "अहिलेसम्म चलेको यही पेसाबाटै हो। यसमा सन्तुष्ट नहुनुपर्ने कारण छैन।"रासस

# नेपालगञ्जमा उत्पादित गड्यौलाको मल जुम्लामा पुऱ्याउन समस्या

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिका-१८ निवासी तेजनगरका वीरबहादुर हमाललाई गड्यौलाको मल जुम्लामा पुऱ्याउन समस्या भएको छ । जुम्लासहित उच्च हिमाली भेगमा स्याउ किसानले गड्यौलाको मलको माग गरेपछि मल ढुवानीमा समस्या भएको हो।

"हाम्रो उत्पादन क्षमता भन्दाबढी वर्षमा चार सय टन मलको माग भएको थियो, त्यसलाई पूरा गर्न सकेका छैनौँ । हामीसँग उत्पादन भएकोलाई बजारीकरण गरिरहेका छौँ", हमालले भन्नुभयो। दश वर्षअघि नेपालगञ्ज-१ स्थित नन्दनी टोलमा 'एभरेष्ट अर्गानिक एग्रोफार्म' स्थापना गरी गड्यौलाको मल उत्पादन सुरु गरेको उहाँले बताउनुभयो।

हमालले जमिन उर्वर बनाउन र विद्यमान मलको अभावलाई हटाउन गड्यौलाको मल सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो। "कृषि कर्म गर्दा स्वस्थ उत्पादनमा जोड दिनुपर्छ। अनावश्यक रूपमा रसायनिक मलको प्रयोग गर्दा माहो र जलमा नकारात्मक असर गर्न सक्छ", उहाँले भन्नुभयो। अन्य किसानले उत्पादन गरेका गोलभैँडा, काउलीलगायत तरकारी सङ्कलन गरेर प्रशोधन र बजारीकरण गर्दै किसानको उत्थान गरिरहेको बताउँदै हमालले जैविक मलका रूपमा गड्यौला मल प्रभावकारी हुनुका साथै कमटोको उर्वरशक्ति बढाउने उल्लेख गर्नुभयो।



विसं २०७१ देखि २०७५ सम्म करिब ५० क्विन्टल मल उत्पादन भएको भन्दै हमालले पछिल्लो समय त्यसलाई बढाएर वार्षिक ३२ टन पुऱ्याइएको जानकारी दिनुभयो। गड्यौलाको मलको उत्पादन वृद्धि गर्दै एक सय टन पुऱ्याउने योजना रहेको उहाँले जानकारीदिनुभयो।

आत्मनिर्भर कृषि कर्मको विकास गर्न, विदेशी कम्पनीले उत्पादन गरेका बिउ र रासायनिक मललाई विस्थापित गर्न अर्गानिक उत्पादनमा स्थानीय सरकारले किसानलाई सहयोग गर्नुपर्नेमा हमालले जोड दिनुभयो । "हामी परनिर्भर हुँदा उत्पादकत्व घटेको छ", उहाँले भन्नुभयो।

हमालले स्थानीय स्रोतसाधनको कच्चापदार्थ सदुपयोग गरेर गड्यौलाको मल उत्पादन गरिरहनुभएको छ। दश फिट लम्बाई र २२ फिट चौडाईमा निर्माण भएको ५२ पिटमा ४० क्विन्टल गड्यौला बिक्री भएको उहाँले जानकारी दिनुभयो। भारतको पिलिभितबाट ती गड्यौला नेपालगञ्ज ल्याएको उहाँको भनाइ छ ।रासस

# पर्यटकीयस्थल पुनहिलमा विद्युत् र खानेपानीको समस्या



म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल पुनहिलमा विद्युत् र खानेपानीको समस्या भएको छ। खानेपानी र विद्युत् सुविधाको अभावमा समुद्रि सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिलमा हिमाल, सूर्योदय, जङ्गल, पहाडी भूगोलको दृष्यअवलोकन गरि प्रकृतिमा रमाउन जाने पर्यटकलाई समस्या भएको हो।

घोडेपानीदेखि एकाबिहानै उकालो हिँडेर पुनहिल जाने क्रममा पदमार्गमा उज्यालो, मोबाइल, क्यामेरालगायत सामग्री चार्ज गर्न बिद्युत्, पिउन र शौचालयमा प्रयोग गर्ने पानी नहुँदा समस्या भएको काठमाडौँबाट आएका श्याम रञ्जितकारले गुनासो गर्नुभयो।

"अध्यारोमा उकालो हिँड्न पदमार्गमा सडक बत्ती र मोबाइल, क्यामेरामा ब्याट्री सकिँदा पुनहिलमै चार्ज गर्ने सुविधा भए पर्यटकलाई सजिलो हुने थियो," उहाँले भन्नुभयो "पानीको अभावमा शौचालय जाँदा समस्या भयो। बोकेर लगेको पानी महँगो पर्ने रहेछ्।"

पर्यटकको सहजताका लागि पदमार्ग उज्यालो बनाउन, विद्युतीय उपकरण चार्ज गर्न र केही तल रहेको मूलबाट पानी तान्ने उद्देश्यले विसं २०८० पुष महिनामा नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले घोडेपानीदेखि १५ वटा पोल र एक किलोमिटर एबिसी तार तानेर पुनहिलसम्म लाइन पुऱ्याए पनि स्थानीयवासी र गाउँपालिकाले मिटरबक्स जडानमा बेवास्ता गर्दा बिजुली नबोलेको हो।

केन्द्रका प्रमुख सत्यनारायण गामीले स्थानीयवासीको माग अनुसार पुनहिलमा करिब रु २५ लाख खर्चेर बिजुलीको लाइन पुऱ्याइएको बताउनुभयो । घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले मिटरबक्स जडानका लागि गाउँपालिकाले बेवास्ता गरेको गुनासो गर्नुभयो।

पुनहिलमा घोडेपानीबाट ग्यालिन, बोत्तल र ड्रममा बोकेर पानी लैजाने गरिएको छ। एक घण्टा लगाएर उकालोमा पानी बोकेर लैजानुपर्ने भएकाले पुनहिलमा तातोपानी, चिया, कफीको मूल्य बढी तिर्नुपर्दा पर्यटकले मर्कामा परेको गुनासो गरेका छन्। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले पुनहिलको जग्गा गाउँपालिकाको नाममा नभएकाले त्यहाँ मिटरबक्स राख्न समस्या भएको बताउनुभयो ।रासस


## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.शाखा कार्यालय, सबैलाको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिल

| क्र. सं. | ऋणी/ग्रहकको नाम | ठेगाना | ना.प्र.न./मिति | बुवाको नाम | बाजेको नाम | दर्ता नं./ मिति | दर्ता भएको कार्यालय | जम्मा तिर्नु पर्ने रकम (२०८१.०६.३०) गते सम्मको |
|---|---|---|---|---|---|---|---|---|
| १. | रेणु देवी अमात्य CS.ID. १७५५५५२ | भुतही पटेर्बा -०९ धनुषा | १७३०४९/१५३ २०७०/०२/२३ | ईन्दल राय अमात्य | कुशे राय अमात्य | | | ७,६३,५२६।- |
| २ | राम सागैर देवी वडहीन CS.ID. ९८७४९८ | सबैला -०९ धनुषा | ९७९/०६१५१९३३ २०४४/१२/१९ | खटर ठाकुर बरही | बिसनी ठाकुर बरही | | | २,२१,५६५।- |
| ३ | बबिता देवी पूर्बे CS.ID. ९८७९२३ | मिथिलेश्वर निकास -०८ धनुषा | ६२६१२६२६ २०५९/१२/०३ | राम चन्द्र पूर्बे | रुदल पूर्बे | | | १,६०,७३०।- |
| ४ | मांसि पशुपक्षी प्रो.ओपेन्द्र कुमार CS.ID. ९८७१९६ | गोठकोयलपुर -०२ धनुषा | ३५०५०७५५ २०५७/१०/०२ | गिरधारी तेथबार | गब्दु तेथबार | ३८३ २०७१/०६/१३ | क्षेत्रिय पशु कार्यालय जनकपुर | ३६,७७,३४२।- |
| ५ | राम देव यादब CS.ID. ९८७२४० | खरिहानी -०७ धनुषा | ५६६३/४७५२२६०० २०३२/०२/२३ | मैदरी यादब | लल्चन यादब | | | २,१७,८७५।- |
| ६ | रोशन गल्ला भण्डार प्रो.हरि नारायण साह CS.ID. ९८७९२४ | सबैला -०१ धनुषा | ८०२६३६०६ २०४२/०३/२० | गंगा साह तेली | महन्थ साह | ६५४१/७०७/ ०७०/०७१ २०७०/११/१६ | घरेलु तथा साना उद्योग कार्यालय जनकपुर | ४८,४९,२२२।- |
| ७ | रागनी देवी पासमान CS.ID. ९८७९०० | पचहर्वा -०१ धनुषा | १७३०३८/१४० २०६३/१२/०८ | राम बाबु पासमान | राम देव पासमान | | | ७,२७,९१७।- |
| ८ | शुभ नारायण मण्डल CS.ID. ९८७८९९ | भुतही पटेर्बा -०६ धनुषा | १५३१०९२९ २०३६/०९/०४ | गढाई मण्डल धानुक | भगवानी मण्डल धानुक | | | २,२७,६३१।- |
| ९ | ईन्दु किराना पसल प्रो.जोगिन्द्र मुखिया CS.ID. ९८७३०० | धनुषा गोबिन्दपुर -०३ धनुषा | २६३२१९०७ २०६१/०४/२२ | सेबक बिन | शिब लाल मुखिया बिन | ९७ २०७०/०४/१० | घरेलु तथा साना उद्योग कार्यालय जनकपुर | १३,००,३४०।- |
| १० | रिना कुमारी दास ठाकुर CS.ID. १९५४३५१ | धनुषा गोबिन्दपुर -०४ धनुषा | १७१०५९/६६ २०६५/१२/२५ | प्रमोद कुमार ठाकुर बरही | हितो बरही | | | १३,३४,८१४।- |
| ११ | कृष्ण चन्द्र साह CS.ID. ९८७३४३ | कजरा रमौल -०७ धनुषा | ४३१८३०४२ २०४८/०६/०२ | जय प्रकाश साह | राम रतन साह | | | १३,४४,२६३।- |
| १२ | ललिता देवी पजियार CS.ID. ९८७९४३ | सबैला -०७ धनुषा | ८०२६९८९६ २०६१/०९/२६ | देव नारायण पजियार | गोखुल पजियार | | | २,९६,६६३।- |
| १३ | राधा कृष्ण यादब CS.ID. १५३७८०० | भुतही पटेर्बा -०६ धनुषा | १५३११२९७ २०४२/०५/३० | दया राम यादब | जिमदार यादब | | | ८,४१,३९४।- |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# स्रोत बिनाको १९ लाख सहित ३ पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतबाट अवैध रुपमा ल्याउँदै गरिएको १९ रुपैयाँसहित जिल्ला प्रहरी कार्यालय धनुषाले ३ जनालाई पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित कुवारामपुरबाट स्रोत बिनाको रकमसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जनाएका छन् ।

पक्राउ पर्नेमा भारत बिहार राज्य जिल्ला मधुवनी थाना हरलाखी ग्राम पञ्चायत हरलाखी- ८ का बिष्णुदेव यादव, जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ४ का रमेश भन्ने रञ्जित कुमार यादव र धनौजी गाउँपालिका वडा नम्बर ७ भररिया टोलका रवि पासवान रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको ज १२ प ६४३ नम्बर मोटरसाइकललाई शंकाको आधारमा चेकजाँच गरेको थियो । सो क्रममा विष्णुदेव यादवले शरीरको विभिन्न भागमा रबरले च्यापेर लुकाइछिपाई राखेको अवस्थामा स्रोत नखुलेको रकम बरामद गरेको प्रहरी उपरीक्षक तिवारीले बताए ।

उनीहरुको साथबाट प्रहरीले स्रोत नखुलेको १९ लाख रुपैयाँ बरामद गरेको भएको धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक वरुण बहादुर सिंहले जनाएका छन् । आरोपित विष्णुदेवलाई पक्राउ गरी आवश्यक अनुसन्धान गर्ने क्रममा थप २ जनाको नाम खुल्नासाथ पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सिंहले बताए ।

पक्राउ परेका आरोपितहरुमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सीमावर्ती भारतीय बजारमा नेपाली रुपैयाँमा निर्वाध रुपमा कारोबार हुने गरेको छ । त्यो रकम अवैध ढंगले नेपाल भित्र्याउँदा प्रहरीले बरामद गर्दै आएको छ ।

# कमलामा भूत मेला सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने कमला नदीमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि कार्तिक पूर्णिमामा धामी झाँक्रीहरु बन्ने धार्मिक विश्वासमा कमलेश्वरी माताको पूजाअर्चनाका अघि स्नान गर्नेहरको घुइँचो लागेको छ ।

कमला नदीमा स्नान गरेपछि पुरुषले पहेँलो रंगको धोती र महिलाले पनि पहेँलो रंगको सारीमा सजिएका नयाँ सिकारु धामी-झाँक्रीहरू हातमा बलेको आगो सहितको माटोको ढकना (भाडा) र बेतको लाठी घुमाउँदै भूत खेल्ने गर्दछन् ।

आ-आफ्ना इष्ट देवताहरूको नाम जप्दै धामी झाँक्री मिर्दङ (मादल), झ्याली, ढोलपिपही जस्ता बाजाको तादमा भक्तहरू कर्कश स्वर उत्पन्न गर्दै कमला नदीमा शपथ ग्रहण गर्न पुगेका छन् ।

धनुषा-सिरहाको सीमामा पर्ने कमला नदीमा धामी झाँक्री, बोक्सा बोक्सी र भूतप्रेतबाट पीडितहरूको आज बिहानदेखि घुइँचो नै लाग्ने गर्छ ।

सूर्योदयसँगै बिहानै देखि हजारौँ नव धामी झाँक्री कमला नदीको पवित्र जलमा डुबुल्की लगाइ गुरुहरूद्वारा शपथ लिने काम सम्पन्न हुन्छ । बिहीबार रातीबाटै कमलानदी कनारमा भगत (देउता) खेल्नेहरुको घुइँचो लाग्ने गर्छ । धामी झाँक्रीहरुसँग रहेका २० देखि २५ को समूहले उनीहरुलाई प्रश्न गर्दै गीत गाउने गर्दछन् ।

आफ्नो शरीरमा वास बस्न आएका देवतालाई वास बस्न आएका देवतालाई पवित्र पार्न तथा शरीरमा देवीदेवताको स्थायी वासका लागि कात्तिक पूर्णिमा स्नान गर्ने ती नवधामी झाँक्री कमला नदीको पवित्र जलमा स्नानगरी शपथका लागि आएका हुन् । कमला नदीमा आएर शपथ लिए पश्चात् नव धामीझाँर्कीहरु पाको हुने धार्मिक विश्वास छ ।

कार्तिक पूर्णिमाका दिन कमला गङ्गालगायतका पवित्र नदीमा नयाँ भगता (जसको जीउमाथि प्रथम पटक देवताको गात) स्थायी हुने र भगताको गुण (तन्त्र शक्ति चल्ने धार्मिक विश्वास धामी झाँक्रीको छ ।

तन्त्रमन्त्र शास्त्रअनुसार तन्त्र सिद्धिका लागि कार्तिक पूर्णिमाका दिन पूर्णाहुति दिँदा तन्त्र विधा सिद्ध हुने धार्मिक मान्यता रहेको छ । विजया दशमीको आगमनसँगै धामी झाँक्री सक्रिय हुन्छन् । आश्विन अमावस्यालाई तन्त्र सिद्धिका लागि सर्वोत्तम मानिन्छ। यस अवधिमा सिकारु धामीहरू राति रातिमा आ आफ्ना गुरुसँग मन्त्र सिक्छन्, काली पूजा अर्थात अमावस्याको राति सिद्धि गर्छन् ।

देवीदेवताको गान स्थायी होस् भनेर आआफ्नो घरबाट आहुत बोकेर कात्तिक पूर्णिमाको बिहान कमला नदी र अन्य पवित्र नदीमा स्नान गर्ने परम्परा रहेको छ ।

पवित्र नदीमा प्रथम स्नान धामी झाँक्रीसँग आशिष लिने श्रद्धालुहरूको संख्या पनि उल्लेख्य थिए । प्रसादका रूपमा कमला नदीको बालुवा, ढुङ्गा, फूल जे पाए त्यही लिएर श्रद्धालुहरू प्रसन्न हुँदै फर्किन्छन् ।

सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सप्तरीलगायत भारतको सीतामढी, दरभंगा, पटनालगायतका विभिन्न स्थानबाट लावालस्कर साथ आउने गर्छन् ।

यस अवसरमा धनुषाको सबैला नगरपालिकाले आज र कमला नगरपालिकाले हिजो र आज गरी दुई दिनको सार्वजनिक विदा समेत दिएको थियो ।

## स्नान गर्ने क्रममा एकको मृत्यु, एक बेपत्ता

जनकपुरधाम । धनुषा-सिरहाको सीमास्थित कमला नदीमा नुहाउने क्रममा डुबेर एकजनाको मृत्यु भएको छ ।

सिरहको कर्जन्हा नगरपालिका-१ स्थित उत्तरबाहिनी घाटमा नुहाउने क्रममा मिर्चैया नगरपालिका-५ का १५ वर्षीय लक्ष्मण साहको डुबेर मृत्यु भएको छ ।

कमला नदीमा नुहाउने क्रममा शुक्रबार दिउँसो १२ बजे लक्ष्मणसँगै मिर्चैया नगरपालिका- ५ कै १६ वर्षीय रोशन मण्डल बेपत्ता भएका थिए । त्यसपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र आफन्तले उनीहरुको खोजी कार्यमा लागेको छ ।

खोजी गर्ने क्रममा लक्ष्मण दिउँसो पौने २ बजेमा पानीमा तैरिरहेको अवस्थामा मृत भेटिएको इलाका प्रहरी कार्यालय, मिर्चैयाका प्रहरी नायब उपरीक्षक पञ्चकुमार बाखुले जानकारी दिए । उनको शव मुचुल्का गरी पोष्टमार्टमका लागि पठाउने तयारी भइरहेको छ ।

तर रोशन भने अझैसम्म नभेटिएको प्रहरीले जनाएको छ । सुरक्षा निकायको विशेष टोली परिचालन गरी उनको खोजी कार्य भइरहेको प्रहरी नायब उपरीक्षक बाखुले बताए । शुक्रबार कार्तिक पूर्णिमाका दिन कमला नदीमा स्नान गर्न आउने श्रद्धालु भक्तजनहरुको घुइँचो नै लाग्ने गर्छ ।

# क्रिकेटर पूजा महतोसहित तीन जनालाई सम्मान गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले महिला क्रिकेटर पूजा महतोसहित ३ जनालाई सम्मान गर्ने जनाएको छ ।

आईसीसी यू-१९ महिला टी-२० विश्वकपमा छनोट हुन सफल राष्ट्रिय टोलीमा रहेका मधेश प्रदेशका तीनजना खेलाडीहरुलाई मधेश प्रदेश सरकारले नगदसहित सम्मान गर्ने जनाएको छ ।

आईसीसी यू-१९ महिला टी-२० विश्वकप छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै पहिलो पटक विश्वकपमा स्थान सुरक्षित गराउन भूमिका खेलेकाले तीन नै जना क्रिकेटरलाई सम्मानित गर्ने निर्णय गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।



खेलकुद तथा समाज कल्याण मन्त्रालयले जनही १ लाख ५१ हजार रुपैयाँ नगदसहित तीन जनलाई सम्मानित गर्ने मुख्यमन्त्री सतीशकुमार सिंहले जानकारी दिए ।

त्यस्तै प्रदेश सरकारले तीनजना खेलाडीका बुबा आमालाई पनि खाँदा ओढाएर सम्मान गर्ने जनाएको छ ।

राष्ट्रिय टोलीकी कप्तान पूजा महतो, सना प्रवीण र अलिशा कुमारी यादव मधेश प्रदेशका खेलाडी हुन् ।

बुधबार भएको खेलमा नेपालले यूएईलाई पछि पार्दै आउँदो जनवरीमा हुने आईसीसी यू-१९ महिला टी-२० विश्वकपमा खेलमा सहभागी हुनेछ ।

# विवाह महोत्सवमा पालिकाहरु जुट्यो



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा हुने विवाहपञ्चमी महोत्सवमा प्रत्येक पाँच वर्षमा भारतको अयोध्याबाट जन्ती आउने भएपछि सोको स्वागत तयारीमा पालिकाहरु जुटेका छन् ।

महोत्तरीको मटिहानी, जलेश्वर तथा पिपरा पालिकाहरु अयोध्याबाट आउने जन्तीको स्वागतका लागि तयारी गर्न सर्वपक्षीय छलफल गरेको छ ।

यही मङ्सिर २१ गते हुने विवाहपञ्चमी महोत्सवका लागि भारतको अयोध्याबाट सयौंको जन्ती नेपालको मटिहानी, जलेश्वर, पिपरा हुँदै जनकपुर पुग्ने कार्यक्रम तय भएपछि मटिहानी नगरपालिका, जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकाले तयारी थालेको छ ।

भारतको अयोध्याबाट आउने जन्तीहरु मङसिर १७ गते नेपाली भूमिको जिल्लाको मटिहानीमा प्रवेश गर्ने कार्यक्रम रहेको छ । मटिहानी नगरपालिकाले स्वागतसहित रात्रि विश्रामको व्यवस्थापन गर्नेछ । त्यसदिनको विश्रामपछि १८ गते मटिहानी हुँदै जलेश्वर गएपछि त्यहाँ पनि जन्तीलाई स्वागतसहित चिया तथा नास्ता र पिपरा पालिकामा भोजनको व्यवस्थापन गरिने कार्यक्रम रहेको जनाइएको छ ।

मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले पालिकामा एउटा बैठक राखेर विवाहपञ्चमी महोत्सवमा भारतको अयोध्याबाट आउने जन्तीको स्वागतको तयारीबारे छलफल गरी विभिन्न निर्णयहरु गरेको जानकारी दिए । सयौंको संख्यामा विवाहपञ्चमीमा आउने जन्तीहरुलाई मटिहानी नगरपालिकाले स्वागत, जलेश्वर नगरपालिकाले नास्ता र रात्रिको भोजन पिपराले गर्ने भएको छ ।

प्रत्येक पाँच वर्षमा जनकपुरधाममा हुने विवाहपञ्चमी समारोहमा सहभागी हुनका लागि अयोध्याबाट जन्तीहरु आउने परम्परा अनुरुप यसवर्ष पनि जन्ती आउने छ । सोही अनुरुप स्वागत तथा सत्कारको लागि विभिन्न समिति बनाइएको मटिहानी नगरपालिकाका मेयर मण्डलले बताए । उनले जन्तीको स्वागतमा मटिहानीमा सरसफाईसहित दीपावली मनाउने कार्यक्रम समेत तय गरिएको बताउँदै प्रत्येक पाँच वर्षमा अयोध्याबाट आउने जन्तीहरुलाई स्वागत गर्न पाउँदा मटिहानीवासी हर्षित भएको बताए ।

मटिहानीमा आउने जन्तीहरुलाई लक्ष्मीनारायण मन्दिरमापूजापाठसंगैलक्ष्मीनारायण पोखरीमा हुने आरतीमा सम्मिलित गराइने गरी कार्यक्रम तय गरिएको जानकारी जनाएको छ ।

नेपालको मुख्य प्रवेशमार्ग मटिहानी रहेकोले जन्तीहरुलाई नेपालको भूमिमा हुने आतिथ्यताको स्वागतका लागि भव्य तयारी थालेको बताए । जलेश्वर नगरपालिकाका मेयर सुरेश साह सोनारले जन्तीको स्वागतको लागि सरसफाईसँगै जलेश्वरनाथ महादेव मन्दिरमा पुजापाठको व्यवस्थापन गरिने बताए ।

# उत्कृष्ट विद्यार्थीहरूलाई ल्यापटप



**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जैसवालले सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाको प्रोत्साहनका लागि महत्वपूर्ण कदम चालेको बताएका छन् ।

कटहरियामा शुक्रबार २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षा दिएका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मान गर्न एक भव्य कार्यक्रमको आयोजना गरिएको थियो ।

मेयर जैसवालले एक विशेष कार्यक्रमबीच कटहरिया नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूबाट ३.६० भन्दा बढी जीपीए ल्याउने विद्यार्थीहरूलाई सम्मान गर्दै पुरस्कार वितरण गर्नु भएका छन् ।

कार्यक्रममा मेयर जैसवालले ३.६० जीपीए भन्दा माथि ल्याएर ए पल्स प्राप्त गर्ने पाँच जना विद्यार्थीहरूलाई ल्यापटप वितरण गरेका छन् ।

ल्यापटप प्राप्त गर्ने विद्यार्थीहरूमा प्रथम स्थानमा अनरूद यादव ३.७१, दोस्रो स्थानमा मधु साह ३.६९, तेस्रो स्थानमा सन्धया कुशवाहा ३.६२, चौथो स्थानमा बादसाह कुशवाहा ३.६२ र पाँचौं स्थानमा धर्मेन्द्र रायले ३.६१ अंक प्राप्त गरी ए प्लस ग्रड ल्याएका विद्यार्थीहरुलाई मेयर जैसवालले गर्भका साथ सम्मान गरेका छन् । मेयर जैसवालले विद्यार्थीहरूलाई दोसल्ला ओढाएर सम्मान गर्दै उज्ज्वल भविष्यको कामना गरेका थिए । उनको भनाइ अनुसार विद्यार्थीहरूको मेहनत र समुदायलाई प्रेरित गर्नेछ । यस्ता प्रयासले मात्र शिक्षामा गुणस्तर वृद्धि गर्न सकिन्छ । उनले समुदायिक विद्यालयहरूमा शिक्षाको स्तर सुधार गर्न कटिबद्ध रहेको बताउँदै विद्यार्थीहरूको उपलब्धिलाई उच्च प्राथमिकतामा राख्ने प्रतिवद्धता व्यक्त गरे ।

मेयर जैसवालले विद्यार्थीहरु आफ्नो लगनशीलता र मेहनतले कटहरिया नगरपालिकाको प्रतिष्ठा बढाउनेमा विद्यार्थीहरूको योगदान महत्वपूर्ण रहेको बताए ।

सो नगरपालिकामा गतवर्ष पनि एस.ई.ई का विद्यार्थीहरुको लागि निःशुल्क कोचिंगको व्यवस्था गरिएको थियो भने लोकसेवा आयोगको तयारी गर्ने विद्यार्थीहरुको लागि पनि व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गरे ।

# सामाचकेवा पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । दाजुभाई तथा दिदीबहिनीप्रतिको प्रेम, स्नेह र समर्पणस्वरुप रहेको सामाचकेवा पर्व सम्पन्न भएको छ ।

कार्तिक शुक्ल पञ्चमी दिनदेखि सुरु भएको सामाचकेवा पर्व कार्तिक पूर्णिमामा समापन गरिने परम्परा छ । यही परम्पराअनुसार मिथिलानी समाचकेवा पर्व समापन भएको छ । दिदीबहिनीहरुले सामा खेलमा प्रयोग गर्ने सतभैया, हात्ती, वृन्दावन, चुगला, सामा र चकेवाका माटाका आकृति दाजुभाइबाट फुटाउन लगाइ जोतिएको खेत वा निर्जन वन तथा खेतमा गाड्ने परम्परा रहेको छ । सो पर्व समापनको अवसरमा दिदीबहिनीले दाजुभाईको दीर्घायुको कामना गर्दै मीठा परिकार खाने कुराहरु दिन्छन् । दाजुभाईले गच्छेअनुसार दिदीबहिनीलाई उपहार पनि दिने चलन छ ।

छठ पर्वदेखि सुरुदेखि कार्तिक पूर्णिमाको दिनसम्म सामाचकेवा खेल्दै दाजुभाईको दीर्घायुको कामना गरी दिदीबहिनीहरुले मनाउने गर्छन् ।

मिथिला क्षेत्रमा दिदीबहिनीले आफ्ना दाजुभाईको सौर्यको वर्णन गर्दै गीत गाएर मनाइने यो पर्व दाजुभाई दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिन्छ । बोलीचालीमा 'सामा खेल' पनि भनिने यो पर्व दिदीबहिनी र दाजुभाइका लागि आपसी सद् भाव व्यक्त गर्ने उपयुक्त अवसर मानिन्छ । दिदीबहिनीहरुले



मध्यरातसम्म चौबाटोमा समूहमा एकत्र भएर आफ्ना दाजुभाईको पराक्रमको वर्णन गर्दै दुष्ट चरित्रलाई सत्तोसराप गरेर आफूहरुबीच पवित्र र आत्मीय स्नेह रहेको दर्शाउनु पर्वको मुख्यपक्ष रहेको मिथिलानी

> छठ पर्वदेखि सुरुदेखि कार्तिक पूर्णिमाको दिनसम्म सामाचकेवा खेल्दै दाजुभाईको दीर्घायुको कामना गरी दिदीबहिनीहरुले मनाउने गर्छन् ।

बताउँछन् । गीतमार्फत आफूहरुप्रति दिदीबहिनीले दर्शाएका प्रेम र समर्पण भावले आफूहरूको मनोवल सधैं उच्च रहने मैथिल युवा भङ्गाहा-४ रामनगरका ३० वर्षीय रामईश्वर ठाकुर बताउँछन् ।

दाजुभाई दिदीबहिनीप्रतिको स्नेह प्रेम दर्शाउने सामाचकेवा पर्व करिब साढे पाँचहजार वर्ष पहिले द्वापर युगबाट सुरु भएको मानिन्छ । द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधरसँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटेले कृष्णलाई सुनाउँदा छोरी स्वच्छन्द प्रवृत्तिकी भएको झोँकमा दुवैलाई सामा र चकेवा हुने श्राप दिएको पौराणिक कथा छ ।

श्रीकृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्वयोनीमा आएर विवाह गर्न पाएका वर्णन पनि पुराणमा पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झदै सामाले गाएकी गीतको यादमा दाजुभाईप्रति कृतज्ञता जनाउन सामाचखेवा पर्वको परम्परा बसेको मिथिला परम्परा रहेको छ ।

जाडो मौसममा चिसोबाट बचौं ।

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८